# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानव विकास शारीरिक, क्रियात्मक , मानसिक, सामाजिक, संवेगात्मक पक्षमा आउने प्रगतिमूलक परिवर्तन हो । त्यसैले विकास गुणात्मक पक्षसँग सम्वन्धित छ । प्रारम्भिक वाल्यवस्थाको विकास भन्नाले २ देखि ६ वर्षसम्मको अवस्थालाई चिनिन्छ । यस उमेरका बालवालिकाहरु विशेष गरी खेलौनासँग रमाउने, जिज्ञासा र अरुको नक्कल गर्ने स्वाभावका हुन्छन् । साथै यसका अलावा नयाँ साथी बनाउने, अनुसरण गर्ने, सृजना गर्ने, खेल खेल्ने र विद्यालय समेत जाने भएकोले यस अवस्थालाई पूर्व समूह उमेर र विद्यालय उमेर भनेर पनि चिनिन्छ । त्यसैले यस उमेरका बालवालिकाहरुलाई अभिभावक, शिक्षक, सहयोगी कार्यकर्ता, स्वयंसेवक सबैले आवश्यक सहयोग गरी शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक क्षमताको विकास गराउनु बालविकासको प्रमूख उद्देश्य हो (पराजुली,२०५८) ।

यसरी बालबालिकाको अन्तर्निहित क्षमतालाई पहिल्याएर उपयूक्त दिशातिर प्रवाहित गरी उनीहरुलाई आफ्नो स्वास्थ्य तथा सुरक्षासंग सम्वन्धित तथा अन्य जीवनोपयोगी एवम् स्वावलम्बी सीपहरु हासिल गराउन बालविकास पाठ्यक्रमको जोड रहेको छ । अर्को शब्दमा भन्ने हो भने यस पाठ्यक्रमको मूख्य कार्य नै बालबालिकालाई आफूप्रतिको आत्मविश्वास जगाउन परिवर्तित समाज र अन्य व्यक्तिहरुप्रति सकरात्मक सोच विकास गर्न चुनौति, बाधा र सफलतामा संवेगात्मक सनतुलन कायम गर्न मद्दत पुऱ्याउनुका साथै सामाजिक व्यावहारिक मूल्य-मान्यताको आधारमा व्यावहारिक र सिकाई सीप प्रदान गरी उनीहरुमा राष्ट्रियता, संस्कृति र मानवीय मूल्यको विकासका लागि आधारशीला खडा गर्नु हो (ऐ.) ।

विविध किसिमको मनोरञ्जनात्मक शिक्षण सिकाई क्रियाकलापको माध्यमद्वारा ३ र ४ वर्ष उमेर समूहका सम्पूर्ण बालवालिकाहरुको सर्वाङ्गिण विकास गरी उनीहरुलाई प्राथमिक विद्यालय जानका लागि तयार गराउनु यसको मूख्य उद्देश्य हो । उपरोक्त उद्देश्य प्राप्तिका लागि बालाबालिकाहरुलाई बौद्धिक, मानसिक, शारीरिक, संवेगात्मक, सामाजिक, नैतिक र सिर्जनात्मक विकासको अवसर प्रदान गर्ने, उनीहरुलाई सर-सफाइ र सुरक्षा सम्बन्धी बानि बसाल्न प्ररितत गर्नै, उनीहरुलाई सामान्य शिष्टाचार गर्न अभिप्ररित गर्ने, उनीहरुलाई प्राथमिक शिक्षाका लागि तयार गराउने, उनीहरुमा विश्वास र सुरक्षाको भावना जागृत गराउने लक्ष्य लिएको छ (ऐ.) ।

"मानव विकासको सुरुवात प्रत्येक महिला र पुरुषको यौन कोषिका मार्फत सुरु हुने गर्दछ । २३ जोडी कोषिकामा प्रत्येकमा ८०००० देखि लिएर १२०००० सम्म क्रोमजोमहरु मध्ये कुनैले बच्चाको उचाई, कुनैले बच्चाको आकार, कपालको रङ साथै बच्चाको मानसिक एवं बौद्धिक स्तरको निर्धारण गर्दछन् । यसरी नवजात शिशुको वंशज निर्धारणमा आमा र बाबुको बराबर हात रहेको हुन्छ " । बाल मनोबैज्ञानिकहरुले बालवालिकाहरुको विकासलाई गर्भमा हुँदाको अवस्था, जन्मेकोबेलाको अवस्था, जन्मेदेखिको १ महिनाको अवस्था, पहिलो ६ महिनाको अबस्था, ६ महिनादेखि ३ वर्षको अवस्था, ३ वर्षदेखि ५ वर्षको प्रारम्भिक बालविकासको अवस्था भनेर वर्गीकरण गरेको पाइन्छ (ऐ.) ।

प्रारम्भिक वाल्यावस्थाले बालबालिकाको भावी जीवनमा महत्वपूर्ण प्रभाव पार्दछ । गर्भ देखि ८ वर्ष सम्मको उमेरलाई प्रारम्भिक बाल्यवस्थामा लिइने हुँदा यस उमेरका बालबालिकाको सर्वागिङ्गन विकासका लागि उचिक्त वातावरण प्रदान गर्न सकेमा मात्र उनीहरु पूर्ण मानव वन्न सक्दछन् । त्यसवाट मात्र देशलाई आवश्यक पर्ने जनशक्तिको परिपुर्ति सम्भव हुन्छ । यसका लागि प्रारम्भिक बालविकास केन्द्रको प्रमुख भुमिका रहन्छ । हाम्रो परिपेक्ष्यमा तीनदेखि ५ वर्षका बालवालिकाहरुलाई मात्र प्रारम्भिक बालविकास केन्द्रमा राखि उनीहरुलाई स्वतन्त्ररुपले खेलको माध्यमबाट शिक्षा दिने प्रयास गरिएको छ (ढुँगाना, २०६१) ।

बालबिकास कार्यक्रम अर्न्तगत बालविकास केन्द्र व्यवस्थापनको अवस्थाले बालवालिकाहरु रमाइलो साथ अध्ययन गर्ने बालवालिकाहरुमा प्रभाव परिरहेको पाइन्छ । व्यवस्थापनको अवस्था राम्रो रहेका बाबिकास केन्द्रहरुको तुलनामा व्यवस्थापनको अवस्था कमजोर रहेको केन्द्रहरुको सिकाई उपलब्धी कम हुन्छ । बालविकास कार्यक्रम अर्न्तगतको बालविकास केन्द्रमा कक्षा भित्र र कक्षा बाहिर गरिने खालका क्रियाकलापहरु गराउने पर्दछ । यी क्रियाकलापहरु बालवालिकाहरुलाई नयाँ-नयाँ कुराको खोजी गर्ने र आफ्नो वातावरण सम्वन्धी जानकारी लिन स्वाभाविक स्थितिको वातावरण बनाई कक्षाकोठा व्यवस्थापन गरी स्वतन्त्र रुपले सिक्ने र सुरक्षाको अनुभूति दिने खालको व्यवस्था गर्नु पर्दछ (प्रारम्भिक बालविकास दिग्दर्शन, २०६१) ।

नेपालमा शिक्षा मन्त्रालया अन्तर्गत २०५६ सालदेखि शिशु कक्षा सम्बन्धी पाठ्यक्रम तर्जुमा गर्न थालिएको छ । उक्त पाठ्यक्रमलाई २०५९ सालमा शिशु कक्षा व्यवस्था नियमावलीद्वारा व्यवस्थित गर्ने प्रयास भयो । त्यसै अनुसार समय समयमा पाठ्यक्रम विकास केन्द्रद्वारा शिक्षक तथा प्रधानाध्यापकहरुलाई तालिम तथा गोष्ठीको आयोजना गरेको छ । यस्ता प्रयासहरु हुँदाहुँदै

पनि नेपालमा सरकारी स्तरबाट पूर्व-प्राथमिक शिक्षाको विकासको लागि त्यति योगदान हुन सकेको देखिदैन । धेरैजसो बालबालिका र बाल शिक्षा सम्बन्धि कार्यक्रमहरु खास गरी निजी क्षेत्रबाट सञ्चालित छन् । तीन वर्षदेखी पाँच वर्ष सम्म उमेर समुहका बालवालिकाहरुलाई मनौबैज्ञानिक तवरवाट स्तरयुक्त शिक्षाको अवसर दिलाउने उद्देश्यले सरकारले मोरङ जिल्लामा पनि शिशु कक्षा सञ्चालन गरेको पाईन्छ । यसको परिणाम सकारात्मक देखिएकोले २०५०/०५१ मा ११ जिल्लामा करिब ७० वटा विद्यालयमा परीक्षणका रुपमा स्थानीय समूदायको सहयोगमा शिशु कक्षा सञ्चालन गरिएको थियो भने ०५४/०५५ को आर्थिक वर्षबाट आधारभूत तथा प्राथमिक शिक्षा परियोजना लागू भएका ३६ जिल्लाका विद्यालयहरुमा शिशुकक्षा सञ्चालन गरेको पाइन्छ (ढुँगाना,२०६१) ।

तीन बर्षदेखि पाँच बर्षसम्मका बालवालिकाहरुलाई प्रदान गरिने ज्ञान, सीप, धारणा पूर्वप्राथमिक शिक्षा हो । यसलाई हाल नर्सरी शिक्षा, शिशु शिक्षा, के.जी.(किण्डर गार्डेन) वा बालविकास कार्यक्रम, बाल शिक्षा जस्ता नामले चिनिन्छ । प्रारम्भिक बाल्यवस्थालाई मानवीय क्षमताको विकासको एक महत्वपूर्ण अंगको रुपमा लिइन्छ । यस अवस्थाका बालवालिकाहरुको सर्वाङ्गीण (शारीरिक, सामाजिक, बौद्धिक एवं संवेगात्मक) विकासमा सहयोग पुऱ्याउँछ (ऐ.) ।

आधुनिक नेपालको शैक्षिक इतिहासमा पूर्व-प्राथमिक शिक्षाको औपचारिक थालनी सरकारी स्तरमा वि.सं. २००७ सालमा काठमाडौंमा एउटा मण्टेश्वरी स्कुलको स्थापनाबाट भएको मानिन्छ । वि.सं २०२० सालमा उक्त स्कुल तत्कालिन डेमोन्स्ट्रेसन स्कुलमा गाभेपछि विद्यालय उमेर नपुगेका स-साना बालवालिकाहरुका लागि वि.सं. २०११ सालमा शिशु कक्षाको व्यवस्था गर्न खोजेको देखिन्छ । यस सन्दर्भमा २०२२ सालदेखि बाल मन्दिर स्थापना भइ जिल्ला सदरमुकामहरुमा शिशुकक्षा सम्वन्धी कार्यक्रमहरु संचालन भएको पाइन्छ । विक्रम संवत २०२८ सालदेखि पूर्व प्राथमिक शिक्षा निजि क्षेत्रमा संचालन गर्ने सरकारी नीति स्पष्ट भयो (जोशी, २०५४) ।

२०५६ सालमा शिक्षा विभागको स्थापना भए पश्चात शिशुकक्षाहरु समुदायमूलक बालबिकास केन्द्रका रुपमा सञ्चालन हुन थाले त्यसपछि शिक्षा विभागले कोटा वृद्धि गरी अन्य केन्द्रहरु विस्तार गर्ने क्रममा २०७० सालसम्म जम्मा ३४१७४ बालविकास केन्द्रहरु सञ्चालन भइरहेको पाइन्छ भने ति मध्ये २९२७३ विद्यालयमा आधारित पूर्व प्राथमिक विद्यालयको रुपमा संचालन भइ रहेका छन् र ४९०१ निजी स्तरमा समुदायमा आधारित भई संचालित भैरहेका छन्

यसको खुद भर्नादर ७३.७% मध्ये ७३.१% छात्रा र ७४.३% छात्रहरुको रहेको छ ।  यसरी बालविकास केन्द्रहरु वृद्धि भइरहेको अवस्थामा स्वतन्त्र रुपमा खेल तथा क्रियाकलापको माध्यमवाट बालबालिकाको शारीरिक, बौद्धिक, सामाजिक र संवेगात्मक पक्षको विकास गरी उमेर अनुसारको ज्ञान,सीप प्रदान गर्न केन्द्रहरु सञ्चालन भइरहेकाछन् (शैक्षिक सूचना शिक्षा विभाग, २०६९) ।

वालवालिकाहरुलाई उमेर अनुसार खेलको माध्यमवाट उनिहरुको सामाजिक र शैक्षिक विकासका निम्ती विभिन्न आयोगले दिइएको सुझावका आधारमा कार्यन्वयन गर्ने प्रयास हुदै आएको देखिन्छ । यसै सम्दर्भमा जिल्ला सदरमुकामहरुमा वालमन्दिर तथा निजि क्षेत्रमा नर्सरी, एल.के.जी. यु.के.जी. अवधारणा अनुसार पुर्व प्राथमिक शिक्षा दिइने व्यवस्था मिलाएको देखिन्छ ।

नेपालमा गठित विभिन्न शिक्षासम्वन्धि समिति, आयोग तथा योजनाहरुले पनि पूर्व प्रथमिक शिक्षालाई परिभाषित गर्दै संचालनका लागि सुझाव प्रस्तुत गर्दै आएका छन् । सर्वाङ्गिण राष्ट्रिय शिक्षा समिति २०१८ ले ३ वर्ष ननाघेका बालवालिकाहरुलाई प्रत्येक टोल र गाँउमा १/१ वटा मनोरञ्जन र खेलकुदको व्यवस्था भएका वालउद्यान स्थापना गर्न, पूर्व प्राथमिक विद्यालयको व्यवस्था गर्नुपर्ने सुझाव पेश गरेको थियो भने पूर्व प्राथमिक शिक्षाको औपचारिक परिभाषाको सन्दर्भमा शिक्षा ऐन २०२८ ले ३ वर्ष उमेर पुगेका तर ५ वर्ष उमेर पूरा नगरेका बालवालिकाहरुलाई दिइने शिक्षालाई परिभाषित गरेको छ । यसैगरी राष्ट्रिय शिक्षा आयोग २०४९ ले ४ वर्ष पुगेका बालवालिकाहरुको चौतर्फी विकासलाई ध्यानमा राखी १ वर्ष पूर्व-प्रथमिक शिक्षाको व्यवस्था गर्नुपर्ने कुरामा जोड दिएको छ । उच्चस्तरीय कार्य समिति २०५८ को प्रतिवेदनमा शिशु विकास कार्यक्रम २ वर्षको हुनुपर्ने, त्यस्तो कार्यक्रम सञ्चालन, रेखदेख, व्यवस्थाको दायित्व गा.वि.स. वा नगरपालिकाको हुनुपर्ने र त्यसको लागि सरकारले एकमुष्ट रकम अनुदान दिनुपर्ने कुरा उल्लेख गरिएको छ (सेरिड, २०५९) ।

वालवालिकाको चौतर्फि विकासलाई ध्यानमा राखि एक वर्षे पुर्व प्राथमिक शिक्षाको व्यवस्थापन संचालन रेखदेखको जिम्मेवारी अनुरोध गा.वि.स. वा नगरपालिकाले स्थानिय संघ संस्था र समुदायको मिलेमत्तोमा वालविकास केन्द्रहरु खोली संचालन र केन्द्र व्यवस्थापनमा ध्यान दिइएको पाइन्छ ।

बालविकास केन्द्रको आवश्यकता र महत्व परिवर्तित समय र चिन्तनले गर्दा दिनानु दिन बढ्दै गएको छ । विज्ञान र प्रविधिको विकास सगै बाल मनोविज्ञानले पनि नयाँ सोच र चिन्तनको साथ विकास हुदै आएको पाइन्छ । बालवालिकाको संवेगात्मक विकासलाई परिस्कृत गर्न पनि वालविकास केन्द्रको उचित व्यवस्थापनको सान्दार्भिकता उतिकै देखिन्छ ।

यसरी विभिन्न विद्वानहरुले पनि बालवालिकाहरुको चौतर्फी विकासका लागि पूर्व प्राथमिक विद्यालयहरुको स्थापना गरी उनिहरुलाई सरिक गराउन सकेमा उनिहरुको भविष्य उज्वल हुने कुरा व्यक्त गरेका छन् । यसैको आधारमा पनि आजकल प्रभावकारी शिक्षण गर्न बालवालिकाहरुलाई उत्प्रेरीत गरी विद्यालय भर्नादर बढाउनका लागि समेत यसले सहयोग पुऱ्याउनेछ । यसरी भौतिक शैक्षणीक रुपले सम्पन्न व्यवस्थित बालविकास केन्द्रले बालवालिकाहरुको रुची र चाहना अनुसारको मनोरञ्जनपुर्ण क्रियाकलापहरु समेटिएको बावविकास केन्द्र भएमा ती साना बालबालिका भोलीका होनाहार अग्रज बन्ने थिए भनि स्पष्टसंग भन्न सकिने कुरालाई मध्यनजर गर्दै बालविकास केन्द्रको व्यवस्थापन अवस्था लेखाजोखा गर्नका लागि यस अध्ययनलाई केन्द्रित गरिएको छ ।

१.२ समस्याको कथन

२०५६ सालमा शिक्षा विभागको स्थापना भए पश्चात शिशु कक्षाहरु समुदायमूलक बालविकास केन्द्रको रुपमा सञ्चालन हुन थाले त्यसपछि शिक्षा विभागले बालविकास केन्द्रको कोटा विधि गरी २०७० सालसम्ममा ३४१७४ वटा केन्द्र सञ्चालन गरेको पाईन्छ । ती मध्ये २९२७३ विद्यालयमा आधारित र ४९०१ समुदायमा आधारित भइ संचालन भइरहेका छन् । यसरी दिनानुदिन बालविकास केन्द्रहरुको वृद्धि भएको अवस्थामा पनि बालविकास केन्द्रको व्यवस्थापन अवस्था सुदृढ नभएकोले बालवालिकाहरुको कक्षाकोठा व्यवस्थापनमा प्रभाव पारी शैक्षिक गुणस्तर माथि उक्सिन नसकिरहेको अवस्था विद्यामान छ । अझैपनि विद्यालय स्तरवाट सञ्चालन गरिएका बालविकास केन्द्रहरुको भौतिक अवस्था जिर्ण नै रहेको छ । स्थानिय अभिभावकहरुले आफ्ना स-साना ३ देखी ५ वर्ष समूहका बालवालिकाहरु का लागि प्राथमिक कक्षामा सहज रुपमा जानका लागि बानी वसाउने उद्देश्यले अभिप्रेरित भइ बालविकास केन्द्रको स्थापना गरेकाछन् । तर उनिहरुसंग सिमित स्रोत र साधनको कमिले गर्दा व्यवस्थापनलाई मजवुत वनाउन नसकिरहेको अवस्था देख्न सकिन्छ ।

वर्तमान स्थितिमा नेपालमा सञ्चालन भई रहेका बालिका विकास केन्द्रहरू के कसरी सञ्चालन भई रहेका छन् ?, ती केन्द्रका आर्थिक, सामाजिक स्थिति के छ ? शैक्षिक तथा भौतिक सामग्रीहरूको स्थिति कस्तो रहेको छ ? केन्द्रमा कार्यरत सहयोगि कार्यकर्ताको योग्यता क्षमता के कस्तो रहेको छ ? कर्मचारीलाई सेवा सुविधा के कस्तो उपलब्ध रहेको छ ? बालविकास केन्द्रमा के कस्ता समस्याहरू रहेका छन् ? बालबालिकाहरूको सवाङ्गिण विकासमा बालविकास कार्यक्रमले सहयोग गरेको छ की छैन ? जस्ता प्रश्नहरूको उत्तर खोज्ने र बालविकास केन्द्रको वर्तमान स्थिति पत्ता लगाउने लक्ष्य राखी बालविकास केन्द्रको वर्तमान स्थिति शीर्षक छनोट गरी अध्ययनलाई तिनीहरुको समस्याको समाधानको उपाय खोजी गरीतिनको निराकरण गर्न केन्द्रित गरिएको छ ।

## १.३ अध्ययनको औचित्य

बालवालिकाहरुको पहिलो पाठशाला भनेको उस्को घरपरिवार हो । उसले घरपरिवारमा आफ्ना आमा बुवावाट केही कुराहरु सिक्दछन् । त्यसपछि उ विद्यालय जान्छ । र विद्यालयमा घर परिवारवाट सिकेका कुराहरुको प्रयोग गर्न थाल्दछ । बालविकास केन्द्रहरुमा ३ देखि ५ वर्ष सम्मका बालवालिकाहरुलाई खासगरीखेल, गित , मनोरञ्जनको माध्यमवाट उनीहरुको शारीरिक, मानसिक/ बौद्धिक, संवेगात्मक पक्षहरुको विकास गर्ने प्रयत्न गरिन्छ । बालमस्तिष्कमा मनोवैज्ञानिक ढगवाट सर्वाङ्गिन विकास गर्नु विद्यालयको भौतिक पुर्वाधार हो । प्रारम्भिक बालविकास शिक्षाको पाठ्क्रमले निर्धारण गरेका सर्वाङ्गिन विकासका सिकाई उपलब्धिहरु हासिल गराउन कार्यान्वयनको तह नै बालविकास केन्द्रको व्यवस्थापन भएकोले यस संग सम्बन्धित तत्व र समस्याहरु विश्लेषण गरेर निष्कर्ष दिन तथा विद्यालयमा आधारित बालविकास केन्द्रको व्यवस्थापनको अवस्थामा अध्ययन गरी भावी दिनमा यस संग सम्बन्धित सरोकारवालाहरुलाई सहयोग पुऱ्याउने भएकाले यो अनुसन्धानको शीर्षक छनौट गरिएको छ । यस अध्ययनवाट समुदाय तथा विद्यालयमा बालविकासमा अध्ययन गर्ने३ देखी ५ वर्ष सम्मका कलिला नानीहरु तिनको अभिभावकहरुलाई बालविकास केन्द्रमा सहजिकरण गर्ने सहयोगी कार्यकर्ताहरु विद्यालय व्यवस्थापन समिति , प्रधानाध्यापक, जिल्ला शिक्षा कार्यालय, अनुसन्धानकर्ता , शिक्षा मन्त्रालय देखि लिएर शैक्षिक योजनाकार, निति निर्माताहरुलाई समेत आ-आफ्नो क्षेत्रमा तपशिल अनुसारको फाइदा पुग्छ । बालविकास केन्द्रमा अध्ययन गर्न आउने साना नानिहरुको शारीरिक तथा मानसिक विकासमा सहयोग पुग्छ । त्यसै गरीउनिहरुका अभिभावकहरु आफ्ना नानिहरुको भविष्य

प्रति ढुक्क हुन्छन् । सहयोगी कार्याकर्ताहरुलाई रोजगारीको अवसर प्राप्त हुने विद्यालय व्यवस्थापन समिति सदैव बालवालिकाहरुको सिकाइका लागि क्रियाशिल भइरहने जिल्ला शिक्षा कार्यालयले समेत बालविकास केन्द्रहरु विस्तार गरीप्राथमिक कक्षाका लागि पुर्वाधार खडा गर्छ । त्यसै गरी विभाग तथा मन्त्रालयलाई समेत यसले ठुलो सहयोग पुऱ्याउँछ । साथै शैक्षिक योजनाकार निति निर्मातालाई  समेत भावि दिनमा योजना वनाई कार्यान्वयन गर्न यसले ठुलो सहयोग पुऱ्याउँने भएकाले यस अध्ययनको औचित्य रहेको छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्य निम्नानुसार रहेको छ :-

क. विद्यालयमा आधारित बालविकास केन्द्रको वर्तमान अवस्थाको अध्ययन गर्नु ।

ख. विद्यालयमा बालविकास केन्द्रले खेलेको भुमिकाको विश्लेषण गर्नु ।

ग. विद्यालयमा आधारित बालविकास केन्द्रमा देखा परेका समस्याहरू केलाउनु ।

घ. विद्यालयमा आधारित बालविकास केन्द्रमा देखिएका समस्या समाधानका उपायहरु सुझाउनु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

यस अध्ययनका अनुसन्धानात्मक प्रश्नहरु निम्नानुसार राखिएका छन् ।

क) विद्यालयमा आधारित बालविकास केन्द्रमा पाठ्यक्रमको वर्तमान अवस्था कस्तो रहेको छ ?

ख) विद्यालयमा आधारित बालविकास केन्द्र व्यवस्थापनको अवस्था कस्तो छ ?

ग) विद्यालयमा आधारित बालविकास केन्द्रको शैक्षाणिक व्यवस्थापन उपयुक्त छ कि छैन ।

घ) विद्यार्थी संख्याअनुसारका डेक्स बेन्च तथा बसाइका साधनहरु पर्याप्त छन् कि छैनन् ।

ङ) विद्यालयमा आधारित बालविकास केन्द्रमा भर्ना हुँदा आँउदा र जाँदाको अवस्था कस्तो छ ।

च) विद्यालयमा आधारित बालविकास केन्द्रमा कस्ता समस्याहरु देखिएका छन् ।

छ) विद्यालयमा आधारित बालविकास केन्द्रमा देखिएका समस्याहरुलाई कसरी हल गर्न सकिन्छ ।

ज) विद्यालयमा आधारित बालिकाविकास केन्द्रको भौतिक अवस्था कस्तो रहेको छ ?

१.६ अध्ययनको परिसिमा

अध्ययनलाई सरल र सहज रुपमा अघि बढाउन समय र स्रोतलाई ध्यानमा राखी सप्तरी जिल्लाको  श्रोत केन्द्र भित्र संचालित ३० ओटा बालविकास केन्द्रहरु मध्ये ५ ओटा बालविकास केन्द्र सिमित गरिएको छ । जसमध्ये विद्यालयमा आधारित पत्थरगाडा गा.वि.स. को वाड नं. ५ मा अवस्थित एस.एल.पी.उ.मा.वि. पत्थरगाडा, नर्घो गा.वि.स. को जनता शंकर उ.मा.वि., जनता मा.वि. खुरहुरीया, जनता मा.वि. बसबीट्टी,र जनता प्रा.वि. नर्घो सञ्चालित बालविकास केन्द्रहरू सिमित गरिएकोछ । त्यसका लागि प्रत्येक बालविकास केन्द्रवाट २/२ जना अभिभावकहरु, २/ २ जना विद्यार्थी, ती बालकाविकास केन्द्रका ५ जना सहयोगी कार्यकर्ता, ६ जना विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु, ५जना प्र.अ.हरु र १ जना स्रोतव्यक्ति उत्तरदातामा यो अध्ययनलाई सिमित गरिएको छ । त्यसैगरी यस  अध्ययनलाई विद्यालयमा आधारित बालविकास केन्द्रको वर्तमान अवस्था पहिचान गर्न, बालविकास केन्द्रले खेलेको भूमिकाको अध्ययन गर्न, विद्यालयमा आधारित बालविकास केन्द्रमा देखिएका समस्याहरूको पहिचान गरी समधानका उपायहरू सुझाउने कुरामा केन्द्रित गरिएको छ । यो अध्ययन फ्रेडरिक फोवेल र मेरिया मण्टेश्वरीको किन्डर गार्डेन सिद्धान्त र बाल मैत्री विधिमा आधारित छ ।

## परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन

यस अध्ययनमा अनुसन्धानकर्ताले अध्ययनको उद्देश्य पुरा गर्न विभिन्न सैद्धान्तिक र सम्बन्धित साहित्यहरुको पुनरावलोकन गरिएको थियो सैद्धान्तिक साहित्यमा विभिन्न सिद्धान्तहरु र सम्बन्धित साहित्यमा सम्बन्धित समस्यासँग मिलने अनुसन्धान प्रतिवेदनहरुको पुनरापलोकन गरिएको छ ।

### २.१ सैद्धान्तिक साहित्यको समिक्षा

दार्शनिक जीनज्याक रुसोले आफ्नो 'रमाइलो' नामक पुस्तकमा शिक्षासँग सम्बन्धित आफ्नो विचार प्रस्तुत गरेका थिए । उनी भन्दछन् "प्रकृतिको काखमा सबै राम्रा हुन्छन् तर मानिसको हातमा सबै नष्ट हुन्छन्"। यस भनाईबाट के प्रष्ट हुन्छ भने उनी प्रकृतिका पुजारी थिए त्यसैले उनी प्रकृतिबादी दार्शनिकका रूपमा चिनिन्छन् । उनका अनुसार मानिसमा रहेका जन्मजात गुणहरूको स्वच्छन्द रूपमा विकास गर्नु नै शिक्षाको मूल उद्देश्य हो । उनी भन्दछन् "मानिस स्वभावैले असल हुन्छ तर उसलाई समाजले दुषित पार्दछ" । त्यसैले प्रकृतिको काखमा बालकको स्वभाव अनुकुलको शिक्षा दिनु पर्दछ भन्ने उनको धारणा थियो । उनको विचार अनुसार पहिलो ५ वर्षको उमेरमा किताबि ज्ञानले बालकको स्वच्छन्द विचारलाई दुषित पार्ने हुदा अवसर उपलब्ध गराई बालबलिकाहरूको ज्ञनेन्द्रियहरूको स्वभाविक विकास गराउनु पर्दछ । रुसोले यस उमेरका बालबालिकाहरूको शारीरिक विकासमा अत्याधिक जोड दिएको पाइन्छ । कमोजार बालबालिकालाई सशक्त र बलियो बनायो भने उ असल हुन्छ । यसका लागि प्रसस्त अभ्यासहरू गराई रहनु पर्दछ । शारीरिक विकासका लागि सहायक हुने खालका जनुसुकै खेलहरूलाई पनि उनले प्रोत्साहन दिएको हुँदा बालबालिकाको सर्वाङ्गिण विकासको लागि खेल विधिमा जोड दिएको पाइन्छ (ढुङ्गाना, २०६३) ।

त्यसै गरी अर्का दार्शनिक फ्रोवेलले सन् १९८२ मा शैक्षिक व्यवस्थापनका लागि किन्डर गार्डेन विधि प्रतिपादन गरेका छन् । उनको अवधारणा अनुसार बालवालिकाहरु बगैचामा फुल्ने कोमल र सुन्दर फुलहरु जस्तै हुन र शिक्षक त्यस बगैचाको रेखदेख गर्नेमालि हुन । शिक्षकले बालकरुपी फुलहरुलाई स्याहार, संहार, मलजल, गोडमेल गरेर हुर्काउनु पर्दछ । अर्थात स्वतन्त्ररुपमा उनिहरुलाई सिक्ने अवसर दिनु पर्दछ । जुन खेल विधिमा आधारित छ । उनको यो भनाई अनुसार बालवालिकाहरुले आफुलाई चाहिने सम्पुर्ण कुराहरु खेल नै सिक्दछन् । यसका लागि उनले ७ वटा उपहारहरुको व्यवस्था गरेका छन् जसको मनोवैज्ञानिक महत्व छ । ति ७ वटा उपहारका सामाग्रीहरुमा विभिन्न रंगका वलहरु गोला, घन, वेलनाकार, घनाकार, काठका

टुक्राहरु, तिनकाुने काठका टुक्राहरु आदी समावेश हुन्छन् । यस्ता साधनहरुको प्रयोगवाटछोयर, हेरेर, आकार प्रवृति सतह, संख्या आदिको धारणा दिन सकिन्छ ।

उनको यो पद्धती गरेर सिक्ने सिद्धान्तमा आधारित छ । फ्रोवेल (१८२७) का अनुसार आत्मा क्रियाकलाप मार्फत बालवालिकाहरुको अन्तरनिहित जन्मजात गुणहरुकोप्रष्फुटन गराउनु पर्दछ । आत्म क्रियाकलापहरु अन्तर्गत शरिरको चाल , हाउँभाउ, खेल गित, रंगहरुको प्रयोग, कथा, पेन्टीङ्ग, आदी पर्दछन् ।

फ्रोवेल विषेश गरीप्रकृतिवादी दार्शनिक हुन । उनका अनुसार शिक्षाको प्रमुख लक्ष्य सदगुण सम्पन्न सदाचारी जीवनको प्राप्ती गराउनु हो, प्रकृतिका सम्पुर्ण चीजवस्तुहरुका बारेमा आन्तरीक सम्बन्ध हुन्छ । अतः व्यक्तिलाई त्यो सम्बन्ध कायम गराउन योग्य र क्षमतावान बनाउनु शिक्षाको लक्ष्य हुनेछ । उनको शिक्षाप्रतिको महत्पूर्ण योगदान नै किण्डर गार्डेन विद्यालयको व्यवस्थापन र शिक्षण विधि हो । उनले प्रकृतिका वरदानका रुपमा रहेको बालवालिकाहरुलाई स्वतन्त्र रुपले विना हस्तक्षेप सिकाउनु पर्छ भनेका छन्। शिक्षण पुर्णरुपमा बालकेन्द्रीत हुनु पर्दछ । शिक्षण विद्यार्थी क्रियाकलापमा आधारित हुनुपर्दछ । भन्ने उनकोशैक्षिक योगदान हो । विद्यार्थीलाई सिकाईका लागि कक्षाकोठा व्यवस्थापनले समेत असर पुऱ्याईरहेको हुन्छ ।त्यस कारण यसको व्यवस्थापन पक्षमा समेत ध्यान दिनु जरुरी छ भन्ने उनको तर्क छ (ढुङ्गाना, २०६१) ।

## २.२ सम्बन्धित साहित्यको पुनरावलोकन

शिक्षा विभाग (२०६१) को प्रारम्भिक बालविकास कार्यक्रमको भुमिकाको वातावरण शीर्षकमा उल्लेख भए अनुसार बालविकास कार्यक्रम अन्तर्गतको बालविकास केन्द्रमा कक्षा भित्र र कक्षा बाहिर गरिने खालका क्रियाकलापहरु गराउनुपर्छ । यि क्रियाकलापहरु बालवालिकालाईनयाँ नयाँ कुराको खोजी गर्ने र आफ्नो वातावरण सम्वन्धि जानकारीलिन उत्प्रेरित गर्ने किसिमका हुनुपर्दछ । उनीहरुको सिकाइलाई सहज र मनोरञ्जनपुर्ण बनाउनका लागि स्वभाविक स्थितिको वातावरण बनाई स्वतन्त्र रुपले सिक्ने र सुरक्षाको अनुभुति दिने खालको व्यवस्था गर्नु पर्दछ । यसका लागि कक्षाकोठा व्यवस्थापनमा उत्तिकै ध्यान दिनु जरुरी छ । कक्षाकोठा व्यवस्थापनलाई प्रभावकारी बनाउन सके शिक्षण सिकाई पनि प्रभावकारी र दिगो बनाउन सके शिक्षणसिकाई पनि प्रभावकारी र दिगे वनाउन सकिन्छ । (प्रारम्भिक दिग्दर्शन पाठ्यक्रम, २०६१) ।

विद्यालयद्वारा सञ्चालित वालविकास केन्द्रको भौतिक शैक्षिक व्यवस्थापनको पक्षमा समेत ध्यान पुऱ्याउन अवश्यक छ । अधिकांश वालवालिकाहरु विद्यालयमा आधारीत वालविकास केन्द्रमा आउने गरेको पाइन्छ । राज्यको लक्ष्य पनि सवै वालवालिका वालविकास केन्द्रको अनुभव सहित विद्यालयमा भर्ना गर्ने र यसो भए राष्ट्रको शिक्षामा गरेका लगानी पनि खेर नजाने परिकल्पना गरेको पाइन्छ । शिक्षा नियामावलीको आठौँ संसोधनको नियम ६८(१) ले भने अनुसार कोठाभित्र गरिने विभन्नि क्रियाकलापहरुका लागि फराकिलो, हावा खेल्ने , प्राप्त रुपमा उज्यालो देखीने कोठाको आवश्यकता पर्दछ । घरभित्रको स्थानलाई बालवालिकाहरु वसाउन, आराम गर्न सिकेको कुराहरु व्यवस्थापन गर्न र उनिहरुलाई विभिन्न क्रियाकलापहरुमा व्यवस्त राख्न उपयोग गरिनेछन् । प्रा.बा.वि. केन्द्रको लागि लगभग ७२ वर्ग मि. (सालाखाला ६ मि. चौडाई १२ मि. लम्वाई ) भएको स्तरिय आकारको कोठा वा हल हुनुपर्ने सुझाव गरिएको छ । बालविकास केन्द्रको कोठामा उपयुक्त विछ्यौना, प्रर्याप्त संख्यामा बालमैत्री फर्निचर वा चकटीहरु , सिकाई सामाग्रीहरु, दराज र प्रदर्शन बोर्डहरु हुनुपर्ने छ (नेपालमा प्रा.बा.वि. कार्यक्रम, २०६१) ।

मल्ल (२०५४) ले आफ्नो ग्रन्थ प्रारम्भिक वाल्यवस्था विकासको सिद्धान्तमा प्रारम्भिक वाल्यवस्था भनेको मानव वृद्धि विकासको कस्तो अवस्था हो ? यो अवस्थाका बालबालिकामा विकासको महत्व र आबश्यकता किना पर्दछ ? कस्तो खालको शिक्षा र स्याहारको आवश्यक पर्दछ भन्ने कुरालाई प्रष्ट पार्दै प्रारम्भिक वाल्यवस्थालाई के-कस्ता क्रियाकलापमा संलग्न गराउनु पर्दछ भन्नै सैद्धान्तीक अवधारणाहरु प्रस्तुत गरिएको छ । तसर्थ यस्ता बालवालिकाहरुमा सामाजिक, बौद्धिक, शारीरिक, भाषिक, संवेगात्मक जस्ता विभिन्न पक्षको विकासका लागि अभिभावक , शिक्क्, सहयोगी कार्यकर्तातथा रष्ट्रियर अन्तराष्ट्रिय संघ-संस्थाहरुले के-कस्तो भूमिका निर्वाह गर्नुपर्छ भन्ने कुरालाई प्रष्ट पार्नुभएको छ । यसैगरी शिक्षण विधिमा भौतिक व्यवस्थापन गर्नु पर्ने कुरा उल्लेख गर्नुभएको । सामग्रीको रुपमा इन्द्रिय प्रशिक्षण सम्बन्धी कम मूल्यका श्रव्यदृश्य सामग्रीको प्रयोग गर्नुपर्ने तथा बाल केन्दित शिक्षण र कथा-कथन विधिको प्रयोग गरी चौतर्फी विकासमा सहयोग पुऱ्याउँन सकिने कुरा उल्लेख गरिएको छ (मल्ल,२०५४) ।

श्रेष्ठ (२०६३) ले नेपालमा सामुदायमा आधारित तथा विद्यालयमा आधारीत प्रारम्भिक बालविकास कार्यक्रमको प्रभावकारीता शिर्षकको शोध अध्ययनको उद्देश्य समुदाय द्वारा सञ्चालित बालविकास केन्द्र र विद्यालयमा सञ्चालित बालविकास केन्द्रको कार्यक्रममा तुलना गरीकुनमा बढी शैक्षिक व्यवास्थापन गरिदो रहेछ भन्ने राखिएको । साथै यस अध्ययनको

प्राप्तीहरुमा अधिकांश समुदायमा आधारित बालविकास केन्द्रहरुमा आमसभा भेला हुने, जमिन, श्रमदान, भौतिक सामाग्रीहरु प्रदान गर्ने सन्दर्भमा समुदाय, अभिभावक र बा.वि.केन्द विच राम्रो सम्बन्ध भएको तर विद्यालयमा आधारित बा.वि. केन्द्रको समुदाय र अभिभावक संग घनिष्ट सम्बन्ध स्थापित हुन नसकेको, विद्यायमा आधारित बा.वि. केन्द्रहरुको बाहिरी वातावरण ( हातावेरा, खेलमैदान, सौचालय, पिउने पानी) सामुदायमा आधारित बावविका केन्द्रहरुको भन्दा राम्रो रहेको तर कक्षा कोठाको भित्री वातावरण ( वस्नेठाउँ , बस्ने सामग्री , क्रियाकलाप सञ्चालन) भने समुदायमा आधारित बालविकास केन्द्रहरुको राम्रो देखिएको उल्लेख गरिएको छ। सामुदायमा आधारित बालविकास केन्द्रहरुमा खेल विधि र बालकेन्दित विधिमा क्रियाकलापहरु सञ्चालन हुने गरेका तर अधिकांश विद्यालयमा आधारीत बालविकास केन्द्रहरुमा प्राथमिक कक्षामा जस्तै विषय शिक्षणमा जोड दिएको पाइयो (श्रेष्ठ, २०६३)।

विष्ट (२०६५) ले 'शिक्षक मासीक' पत्रिकामा प्रकाशित 'अवस्था अवधारणा र प्रयोग' शिर्षकको लेखको निष्कर्ष अनुसार कक्षा व्यवस्थापनको मुख्य उद्देश्य भनेको कक्षालाई बालमैत्री तथा रमाइलो र सिकाई अनुकुल पार्नु हो। त्यस्तै विद्यार्थीको वसाई व्यवस्थापन , कक्षा रहेको शैक्षीक सामग्रीको व्यवस्थापन र कक्षाको कार्य प्रणालीको व्यवस्थापन कक्षा व्यवस्थापनका आवश्यक तत्वहरु हुन (विष्ट,२०६५)।

ढुङ्गाना (२०६१) ले काठमाडौं जिल्लामा सञ्चालित बालविकास केन्द्र र यसको वर्तमान अवस्थाः एक अध्ययन शिर्षकमा शोध अध्ययन गर्नु भएको छ। सो अध्ययनको प्राप्तीमा ६०% बालविकास केन्द्रको मात्र आफ्नै भवन भएको आधारभुत शैक्षीक सामाग्रीहरु सवै बालविकास केन्द्रहरुमा रहेको तर प्रर्याप्त मात्रामा भने खेल, मैदान र शौचालय सवैमा रहेको , बालविकास केन्द्र व्यवस्थापन समितिलाई व्यवस्थापकीय तालिम नदिइएको , सबै बालविकास केन्द्रहरुमा मेशेनरी श्रव्य-दृष्य, शैक्षीक सामाग्रीको अभाव रहेको छ (ढुङ्गाना, २०६१)।

मल्ल (२०५४) ले आफ्नो ग्रन्थ प्रारम्भिक वाल्यवस्था विकासको सिद्धान्तमा प्रारम्भिक वाल्यवस्था भनेको मानव वृद्धि विकासको कस्तो अवस्था हो ? यो अवस्थाका बालबालिकामा विकासको महत्व र आबश्यकता किन पर्दछ ? कस्तो खालको शिक्षा र स्याहारको आवश्यक पर्दछ भन्ने कुरालाई प्रष्ट पार्दै प्रारम्भिक वाल्यवस्थालाई के-कस्ता क्रियाकलापमा संलग्न गराउनु पर्दछ भन्ने सैद्धान्तीक अवधारणाहरु प्रस्तुत गरिएको छ। तसर्थ यस्ता बालवालिकाहरुमा सामाजिक, बौद्धिक, शारीरिक, भाषिक, संवेगात्मक जस्ता विभिन्न पक्षको विकासका लागि अभिभावक ,

शिक्षक, सहयोगी कार्यकर्तातथा रष्ट्रिय र अन्तराष्ट्रिय संघ-संस्थाहरुले के-कस्तो भूमिका निर्वाह गर्नुपर्छ भन्ने कुरालाई प्रष्ट पार्नुभएको छ । यसैगरी शिक्षण विधिमा भौतिक व्यवस्थापन गर्नु पर्ने कुरा उल्लेख गर्नुभएको   छ । सामग्रीको रुपमा इन्द्रिय प्रशिक्षण सम्बन्धि कम मूल्यका श्रव्यदृश्य सामग्रीको प्रयोग गर्नुपर्ने तथा बाल केन्दित शिक्षण र कथा-कथन विधिको प्रयोग गरी चौतर्फी विकासमा सहयोग पुऱ्याउँन सकिने कुरा उल्लेख गरिएको छ (मल्ल,२०५४) ।

राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (२०४९) ले पूर्व प्राथमिक शिक्षालाईपुस्तकीय ज्ञान भन्दा कार्यपरक वनाइनुपर्ने , बालविकास तथा बाल शिक्षाका सिद्धान्त र पद्दतिलाई ध्यानमा राखी पूर्व प्राथमीक शिक्षाकोपाठ्यक्रम, सामाजिक साँस्कृतिक परिवेश अनुरुप बनाइनुपर्ने , पूर्व प्राथमिक विद्यालयहरुले अभिभावकहरुबाट उचित शुल्क लिई बालवालिकाहरुका लागि आवश्यक खेलकुदका सामाग्री , पाठ्य सामाग्री तथा श्रव्य-दृष्य सामाग्रीहरुको व्यवस्था मिलाउनु पर्ने सुझावहरु दिइएको थियो (नेपाल राष्ट्रिय शिक्षा योजना आयोगको प्रतिवेदन २०४९ शिक्षा भिभाग) ।

## २.३ पुनरावलोकनको शैक्षिक उपादेयता

यस अध्ययनवाट प्राप्त निष्कर्ष, प्राप्ती र सैदान्तिक अवधारणालाईसरकारी अनुदान प्राप्त गरीसञ्चालनमा रहेका विद्यालयमा आधारित प्रारम्भिक बालविकास केन्द्रहरुको व्यवस्थापन सुधार ल्याउन उपयोग गर्न सकिन्छ । जिनज्याक रुसोको शिक्षा पद्धितिमा “प्रकृतिको काखमा सबै राम्रा हुन्छन् तर मानिसको हातमा सबै नष्ट हुन्छन्” र मानिसमा रहेका जन्मजात गुणहरूको स्वच्छन्द रूपमा विकास गर्नु नै शिक्षाको मूल उद्देश्य हो । उनी भन्दछन् “मानिस स्वभावैले असल हुन्छ तर उसलाई समाजले दुषित पार्दछ” । त्यसैले प्रकृतिको काखमा बालकको स्वभाव अनुकुलको शिक्षा दिनु पर्दछ भन्ने उनको धारणा थियो । उनको विचार अनुसार पहिलो ५ वर्षको उमेरमा किताबि ज्ञानले बालकको स्वच्छन्द विचारलाई दुषित पार्ने हुदा अवसर उपलब्ध गराई बालबलिकाहरूको ज्ञनेन्द्रियहरूको स्वभाविक विकास गराउनु पर्दछ ।  त्यस्तै मण्टेश्वरी शिक्षा पद्धती, किण्डर गार्डेन विधिमा उनले भने जस्तै बालविकास केन्द्रमा विभिन्न खेल सामाग्रीहरु र अन्य बालसिकाई सामाग्रीहरुको कुसलता पूर्वक व्यवस्थापन गरीस्वतन्त्र, मनोरञ्जनात्मक, सहभागिता मुलक र गरेर सिक्ने क्रियाकलापहरु सञ्चालन गर्न यस अध्ययनको सैदान्तिक अवधारणाले सघाउ पुग्ने आशा पुग्ने गरिएको छ । साथै यस पुनरावलोकन वाट अध्ययनका लागि सैदान्तिक खाका खिच्ने तदनुसार अध्ययनलाई निदिष्ट रुपमा डोऱ्याउने कार्यमा प्रत्यक्ष सहयोग पुगेको छ । त्यसैगरी यस अध्ययनवाट बालविकास केन्द्रको कक्षाकोठा व्यवस्थापनको सन्दर्भमा

कक्षाभित्र अनिवार्य रुपले भाषाक्षेत्र, सिर्जनात्मक क्षेत्र, गणित क्षेत्र, विज्ञान क्षेत्र जस्ता सिकाई क्षेत्रहरुको व्यवस्था गर्नुपर्दछ भन्ने कुरामा समेत सहयोग पुगेको छ । त्यसको अलावा कक्षा बाहिरको व्यस्थापनमा पनि स-साना बालविकाहरुका लागि स्वतन्त्र रुपले सिक्ने प्रकारका विभिन्न खेलहरु पिङ्ग, चिप्लेटी, सुरुङ्ग, पानी खेल, वालुवा खेल, स्वतन्त्र दौड धुप जस्ता खेलहरुको व्यवस्था गरीसिकाई गर्न सके शिक्षण फलदायी हुने कुराको समेत सहयोग पुगेको देखिन्छ ।

परिच्छेद तीन : अध्ययन विधि

अध्ययनलाई प्रभावकारी र सजिलो बनाउनका लागि विधिहरु निर्धारण गर्नुपर्ने हुन्छ । यस अध्ययन विद्यालयमा आधारित बालविकास केन्द्रको वर्तमान अवस्थाको अध्ययन अनुसन्धान तथा विश्लेषण गर्न निम्नानुसार अध्ययन विधिको छनौट गरिएको छ ।

३.१ अनुसन्धानात्मक ढाँचा

यस शोधकार्यलाई पुरा गर्नका लागि मिश्रीत अनुसन्धनात्मक ढाँचा प्रयोग गरिएको छ । यस अनसुसन्धान कार्यमा गुणात्मक र सङ्ख्यात्मक दुबैमा सर्वे अनुसन्धानको ढाँचामा रहेर अनुसन्धान कार्य पुरा गरिएको छ । यस अध्ययको शीर्षक "विद्यालयमा आधारित बालविकास केन्द्रको वर्तमान अवस्था" अन्तर्गत रहेर अध्ययन गर्ने क्रममा देखिएका अवस्था, प्रक्रिया, समस्या तथा घटनाहरूको व्याख्या विश्लेण तथ्याङ्कीय र शाब्दिक दुवै रुपबाट गरिने भएकोले यसलाई उल्लेखित दुवै ढाँचामा सम्पन्न गरिएको छ ।

३.२ जनसङ्ख्या र नमुनाको आकार

यस अध्ययनका लागि जनसंख्याको रुपमा सप्तरी जिल्लाको पातो श्रोत केन्द्र भित्र संचालित ३० ओटा बालविकास केन्द्रहरु मध्ये ५ ओटा बालविकास केन्द्रहरु क्रमशः पत्थरगाडा गा.वि.स. को वाड नं. ५ मा अवस्थित एस.एल.पी.उ.मा.वि. पत्थरगाडा, नर्घो गा.वि.स. को जनता शंकर उ.मा.वि., जनता मा.वि. खुरहुरीया, जनता मा.वि. बसबीट्टी,र जनता प्रा.वि. नर्घो बालविकास केन्द्रहरु जनसंख्याको रुपमा रहेका छन् । त्यसै गरी ति केन्द्रका सहयोगी कार्यकर्ताहरु, विद्यार्थीहरु, अभिभावकहरु, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु , विद्यालय प्र.अ. र स्रोतव्यक्ति जनसंख्याको रुपमा रहेका छन् ।

३० ओटा बालविकास केन्द्रहरु मध्ये ५ ओटा बालविकास केन्द्र मात्र छनौट गरिएकोछ । जसमध्ये विद्यालयमा आधारित बालविकास केन्द्रहरू रहेका छन् । त्यसका लागि प्रत्येक बालविकास केन्द्रवाट २/२ जना अभिभावकहरु, २/ २ जना विद्यार्थी, ती बालकाविकास केन्द्रका ५ जना सहयोगी कार्यकर्ता, ५जना विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु, ५ जना प्र.अ.हरु र १ जना स्रोतव्यक्ति उत्तरदातको रुपमा छनौट गरिएको छ ।

### ३.२.१ नमूना छनौट विधि

यो अध्ययनका लागि निर्धारित जनसंख्यावाट बालविकास केन्द्र छनौट गर्ने नमुना छनौट विधि र सहयोगी कार्यकर्ताहरु वि.व्य.स. अध्यक्षहरु, अभिभावकहरु , प्र.अ., विद्यार्थी र स्रोतव्यक्तिको छनौट उद्देश्यपूर्ण विधि प्रयोग गरी छनौट गरिएको छ । यस अध्ययनलाई पूरा गर्नको लागि नमुना छनौट गर्दा उद्देश्यमूलक नमुना छनौछ गरिएको छ । किनभने अध्ययन सँग सम्बन्धित सूचनाहरु तथ्यगत रुपमा छनौट भएका नमूनाहरुबाट प्राप्त हुनुपर्दछ । बालविकास केन्द्रहरुको छनौट गर्दा सकभर नजिकका समेटिएको छ । यसरी नै विद्यालयका उच्च माध्यमिक तह र प्राथमिक तहलाई समेत समेटिएको छ । स्रोत केन्द्र र स्रोत व्यक्तिको छनौट गर्दा अध्ययनलाई सुलभ तुल्याउने आधारमा छनौट गरिएको छ । छनौटमा परेका प्रधानाध्यापक सहयोगी कार्यकर्ता, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष , अभिभवाक र विद्यार्थीहरुको नमावली अनुसूचि १२ मा प्रस्तुत गरिएको छ । अभिभावक र विद्यार्थीहरुको छनौट गर्दा महिला, पुरुष , जात जाति र आर्थिक स्थितिलाई आधार मानेर छनौट गरिएको छ ।

### ३.२.२ नमुना छनौटको आधार

यस अध्ययनका लागि सरकारी अनुदान प्राप्त गरी विद्यालयमा आधारित बालसविकास केन्द्रहरुको नमुना छनौट गर्दा प्रा.वि. र मा.वि.दुबै किसिमको विद्यालयमा आधारित बालविकास केन्द्र पर्ने गरी सुगम र दुर्गम समेट्ने गरी उद्देश्यपूर्ण छनौट विधि प्रयोग गर्दा मात्र अध्ययन पूरा गर्न सकिने भएकोले उत्तरदाताहरुको छनौटमा पनि सोही आधार अनुसरण गरी छनौट गरिएको छ ।

## ३.३ तथ्याङकका स्रोतहरू

यस अध्ययनमा तथ्याङ्क स्रोतहरू सङ्कलन निम्नानुसार गरिएको छ :

क) प्राथमिक स्रोत

यस अध्ययनको तथ्याङ्क र जानकारी संकलनका स्रोतहरु कक्षाकोठा अवलोकन फारम, प्रश्नावली र अनतर्वाता आदि साधनहरूको प्रयोग गरी अनुसन्धानकर्ता स्वयम सूचना दाताहरू र अध्ययन क्षेत्रमा गई प्राकृतिक अवस्थामा प्रत्यक्ष तथ्याङ्क सङ्कलन गरिएको छ ।

ख) द्वितीय स्रोत

विभिन्न शिक्षा सम्बन्धि प्रतिवेदन, शोधपत्र , जर्नल, निर्देशिका, पाठ्यक्रम सहयोगी कार्यकर्ता निर्देशिका, बालविकास केन्द्रको विद्यालयको अभिलेख, बालबाविकास केन्द्र वा पूर्वप्राथमिक शिक्षाको पाठ्यक्रमलाई द्धितिय स्रोतको रुपमा प्रयोग गरिएको छ ।

३.४ तथ्याङ्क सङ्कलनका साधनहरू

यस अध्ययनका लागि निम्न लिखित अनुसन्धानका साधनहरुको प्रयोग गरिएको छ ।

क) प्रश्नावली

१. विद्यालय व्यवस्थापन समिति अध्यक्षका लागि प्रश्नावली : विद्यालयमा आधारित बालविकास केन्द्रको व्यवस्थापनको अवस्था सम्बन्धि तथ्याङ्क संकलनन गर्न वि.व्य.स. अध्यक्षका लागि अनुसुची पाँचमा उल्लेख भए अनुसारको बन्द तथा खुल्ला प्रश्नावली प्रयोग गरिएको छ ।

२. अभिभावकका लागि प्रश्नावली : विद्यालयमा आधारित बालसविकास केन्द्रको व्यवस्थापनको अवस्था, कक्षा कोठा र सिकाई क्रियाकलाप सम्बन्धि मूल्याङ्कन गर्न बन्द तथा खुल्ला प्रश्नावली अनुसूचि चारमा उल्लेख भए अनुसार प्रयोग गरिएको छ ।

३. प्र.अ.का लागि प्रश्नावली : विद्यालयमा अधारित बालविकास केन्द्रको वर्तमानको अवस्था साथै बालविकास केन्द्रले खेलेको भुमिका र त्यहाँ भएको समस्या केलाउँदै ती समस्या समाधानको उपायहरू पत्तालगाउनको लागि अनुसन्धान कर्ता गएर बन्द तथा खुल्ला प्रश्नावली अनुसूचि दुईमा उल्लेख भए अनुसार प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

४. सहयोगी कार्यकर्ताको लागि प्रश्नावली : विद्यालयमा आधारित बालविकास केन्द्रको व्यवस्थापनको अवस्थाले आफुलाई पर्न गएको असुविधाका बारेमा समग्र जानकारी हाँसिल गर्न साथै बालवालिकाहरुलाई बसाई, सिकाई आदिमा पर्नगएको असरको बारेमा प्रत्यक्ष जानकारी प्राप्त गर्नुका लागि सहयोगी कार्यकर्ताहरु संग अनुसुची ३ मा उल्लेख भए अनुसारका बन्द तथा खुल्ला प्रश्नावली प्रयोग गरिएको छ । बालविकास केन्द्रको समस्याहरु र सहयोगी कार्यकर्ताहरुको अनुभवहरुबारेको सूचना प्राप्त गरिएको छ ।

ख) अन्तवार्ता प्रश्नावली

यस अध्ययनमा छनौट भएका बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरु, अभिभावकहरु, वि.व्य.स.का अध्यक्षहरु तथा प्रधानाध्यापकहरुलाई अध्ययनको उद्देश्य पूरा गर्नका लागि अन्तवार्ता प्रश्नावली तयार गरी अन्तर्वाताका लागि अनुसूचि २ देखि ६ सम्मका अन्तर्वाता प्रश्नावलीहरु प्रयोग गरिएको छ ।

ग) कक्षाकोठा अवलोकन फाराम

यस अध्ययनमा बालविकास केन्द्रको व्यवस्थापनको भौतिक अवस्थाका अतिरिक्त स.का. र बालवालिकाहरुको कक्षा क्रियाकलापहरुको जानकरी प्राप्त गर्न, विद्यार्थी सिकाइ अर्न्तक्रियाको जानकारीका लागि विद्यालयमा आधारित बालविकास केन्द्र खेलेको भूमिका पत्ता लगाउन कक्षा चलिरहेको अवस्थामा कक्षाकोठा अवलोकन गरिएको छ ।

३.५ अध्ययनका साधनको वैधता

यस अध्ययनका लागि प्रयोग गरिएको अनुसन्धानका साधनहरुको वैधता कायम गर्नका लागि साधनको तयारी पछि पूर्व अनुसन्धानकर्ता, स्रोत निर्देशक र शिक्षा विदहरुसंग छलफल र परामशर्शवाट साधनको वैधता स्थापित गरिएको छ ।

३.६ तथ्याङ्क सङकलन विधि

यस अध्ययनको तथ्याङ्क संकलनका लागि केही प्रश्नावली पठाई अध्ययन पश्चात भराई फिर्ता लिइएको छ र केही प्रश्नावली स्थलगत रुपमा प्रत्यक्ष उपस्थित भई कक्षा अवलोकन फारम र अन्तवार्ता सूचीको प्रयोग गरी सूचनाहरु संकलन गरिएको छ ।

३.७ तथ्याङ्कक विश्लेषण विधि

यस अध्ययनको उद्देश्य र अनुसन्धान प्रश्न अनुसार तथ्याङ्कलाई गुणात्मक र संख्यात्मक रुपमा विभिन्न तालिका, चित्र र ग्राफद्वारा प्रस्तुत गरिएको छ । मिल्ने तथ्याङ्कहरुलाई तथ्याङ्कको स्वरुपअनुसार मिलाउने र वृतचित्रमा प्रस्तुत गरी विश्लेषण गरिएको छ । भने गुणात्मक तथ्याङ्कहरुलाई तार्किक व्याख्या तुलनात्मक विश्लेषण र विवेचना गरिएको छ ।

# परिच्छेद चार : तथ्याङ्क विश्लेषण र प्रस्तुतिकरण

विद्यालयमा आधारित बालबाविकास कार्यक्रम सम्बन्धमा त्यसको वर्तमान नीति, कार्यक्रम र भावी योजना बारे अध्ययन गर्न आवश्यक भएबाट सप्तरी जिल्लाको पातो स्रोतकेन्द्रका स्रोत व्यक्तिको धारणालाई निम्नानुसार प्रस्तुत गरिएको छ।

## ४.१ विद्यालयमा आधारित वालबाविकास कार्यक्रमको दृष्टिकोण

विद्यालयमा आधारित बालविकास केन्द्र वा पूर्वप्राथमिक विद्यालयमा ५ वर्ष मूनिका सबै जातजाति र लिङ्गका वालवालिकाहरूलाई भेदभाव नगरी यस कार्यक्रमा सहभागी हुने समान अवसर रहेको छ । यस कार्यक्रममा भर्ना भई अवधिक पूरा गनरिसेका ९०% भन्दा बढी बालबालिकाहरूलाई प्राथमिक शिक्षामा भर्ना गरिने योजना रहेको पाइन्छ । यी प्राथमिक तहमा भर्ना हुने बालबालिकाहरूमा त्यसको पाठ्यक्रम पढ्न र बुझ्न सक्ने आधारभूत दक्षता हुने छ र यी बाल विकासहरूको पूर्ण विकासको लागि शिक्षा तथा हेरचाह सम्बन्धी आवश्यकता पुरा गर्न उपयुक्त विकासात्मक वातावरण प्राप्त गर्ने अवसर प्रदान गरिनु पर्दछ । तीन वर्ष मुनीका बालबालिकाहरूले अभिभावक तथा समाजबाट उपयुक्त आवश्यकता अनुसार हेरचाह गर्ने र गराउने व्यवस्था मिलाउनु पर्दछ। उनीहको उपयुक्त हेरचाहका लागि पोषणयुक्त खाना, स्वास्थ्य वातावरण आदिको व्यवस्था गर्दे वानीव्यवहारमा हेरचाह आवश्यक समयमा सुइ तथा खोप सेवाहरू उपलब्ध गराउनु पर्दछ । उनीहरूको सर्वाङ्गीण विकासको लागि घरायसी तथा वालविकास केन्द्रको वतावरण असरल बनाइनु पर्दछ। पूर्वा सूचकहरूको आधारमा अभिभावक तथा सहयोगी कार्यकर्ताले वालवालिकाहरूको, शारीरिक, सामाजिक, वौद्धिक र संवेगात्मक विकासको निरन्तर मूल्याङ्कन गर्ने गर्दछन्।

वाल विकास केन्द्रका सहयोगी कार्यकर्ताहरू बालबालिकाको हेरचाह गर्न तथा उनीहरूलाई क्रियाकलापमा आधारित शिक्षण पद्धतिद्वारा शैक्षिक खुराक उपलब्ध गराउन सक्षम हुनेछन् । उनीहरूमा वालविकास कार्यक्रममा कक्षाहरूमा आवश्यक पर्ने शैक्षणिक ज्ञान तथा सीपहरू हुनेछन्। स्थानिय स्तरमा उपलब्ध हुने शैक्षिक सामग्रीको निर्माण र प्रयोग उनीहरूले गर्नेछन्। उनीहरुमा बालबालिकाहरूको स्वास्थ्य, सफाइ तथा अन्य वृद्धि र विकाससँग सम्बन्धित आधारभूत ज्ञान हुनेछ । उनीहरूले अभिभावकहरूसँग कक्षा संचालनसँग सम्बन्धित क्रिया अन्तरक्रिया गर्ने गरेका छन् भनी लक्ष्य लिइएको छ। सहयोगी कार्यकर्तालाई पेशा विकासको

अवसर प्रदान गर्ने गरी सहयोगी रूपमा नियुक्त गर्नका लागि कक्षा ८ उतिर्ण गरेको प्रमाणपत्रलाई शैक्षिक आधार मानिन्छ । उनीहरूलाई बालविकास कार्यक्रम हेरचाह विकासका अधारभूत तथा उच्च कोर्षहरू प्राप्त गर्ने अवसर प्राप्त हुनेछ भनी लक्ष्य राखिएको छ । उनीहलाई निरन्तर रूपमा स्रोतकेन्द्र, जिल्ला शिक्षा कार्यलय, सरकारी तथा गैर सरकारी संस्था र सम्बन्धित विद्यालयका शिक्षकहरूबाट व्यावसायिक तथा प्राविधिक सहयोग हुने आशा गरिएको छ ।

४.२ वाल विकास कार्यक्रमको वर्तमान अवस्था

प्राथमिक तहको कक्षा एकमा हुनु अगावै प्रारम्भिक वाल अवस्थाका वालवालिकाहरूलाई आधारभूत ज्ञानसीप प्रदानगरी चौतर्फी विकासमा सहयोग पुऱ्याउने उद्देश्यले नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय अन्तरगत शिक्षाविभागको वाल विकास शाखाले वि.स. २०५८ सालमा परीक्षणको लागि तयार गरेको बाल विकास कार्यक्रम सुरुआतमा विभिन्न जिल्लाहरूमा विद्यालय भन्दा भिन्न समुदायमा स्थापना भएका थिए । यी विद्यालयमा आधारित वालविकास केन्द्रहरूको भौतिक अवस्था, शैक्षिक अवस्था, आर्थिक अवस्था र सामाजिक अवसथा सम्बनधी अध्ययन गरिएको छ । यसका लागि अनुसूची १ को स्रोत व्यक्तिसँगको अन्तरवार्ता निर्देशिकाको प्रयोग भएको छ ।

४.२.१ वालविकास केन्द्रको वर्तमान भौतिक अवस्था

सप्तरी जिल्ला पातो स्रोतकेन्द्र अन्तरगत यस अध्ययनका लागि छनौटमा परेका ५ वटा वालविकास केन्द्रको वर्तमान अवस्थाको बारेमा अध्यनय गर्नु आवश्यक भएबाट वाल विकास केन्द्रको भवन, फर्निचर, खेलमैदान, शौचालय पिउने पानी आदिको आवस्थालाई यहाँ प्रस्तुत गर्नु सान्दर्भिक हुन्छ ।

४.२.१.१ भवन तथा कक्षाकोठाको अवस्था

शिक्षा नियमावली आठौं संसोधनको नियम ६८ (१) मा भवन तथा कक्षा कोठामा बालविकास केन्द्रको फराकिलो, खुल्ला, शान्त र सुरक्षित भएको हुनुपर्ने भनी उल्लेख भएको पाइन्छ । सप्तरी जिल्ला पातो स्रोतकेन्द्र अन्तरगत यस अध्ययनलाई पुरा गर्न छनौटमा परेका ५ वटा स्रोत केन्द्रहरूमा बालविकास केन्द्रको छुट्टा छुट्टै भवन कुनैपनि नभएको र विद्यालयकै भवनमा संचालित रहेका छन् । यसका लागि विद्यालय नै व्यवस्था मिलाएको पाइयो । यसका

लागि विद्यालयष्ले कुनै शुल्क तथा भाडा उठाएको पाइएन । भवन सम्बन्धी अध्ययनबाट विद्यालयको भवनहरू नै बालविकास केन्द्रका भवन पनि हुन भन्ने धारणा भएको पाइयो । विद्यालयका अधिकांश भवनहरू पहाडी ढुंगो, माटो, काठ, ककट पाता आदिकबाट बनेका र केहि विद्यालयका केही भवनहरू, सिमेन्ट, रड, बालुवा गिटी आदिको प्रयोगबाट बनेको पक्की रहेको स्थलगत अवलानेकनबाट देखिएको छ जसलाई अनुसूची ७ र ८ मा प्रस्तुत गरिएको छ ।

सबै वालविकास केन्द्रका कक्षाकोठाहरू पक्की भवनमा रहेका छन् ४ वटा वाल विकास केन्द्रमा पोष्टर, चार्टहरू, चित्रहरू, पत्रिकाहरू सजाएको पाइयो तर २ वटा केन्द्रमा केही १/२ वटा चार्टहरू मात्र सजाएको पाइयो । पी.वाल विकास केन्द्र वा विद्यालयका भवनहरू निर्माण गर्न स्थानिय अभिभावकहरू, स्थानिय निकायहरू तथा सरकारी निकायहरू र गैर सरकारी संस्थाहरू समेतको सहयोग भएको पाइयो । विद्यालयले व्यवसथापन भवन तथा कक्षाकोठाहरु गरेका अभवनहरूमात्र बालबालिकाहरूको सर्वाङ्गीण विकासका लागि पर्याप्त भएको देखिदैनन् ।

### ४.२.१.२ फर्निचरको वर्तमान अवस्था

यस अध्ययनका लागि छनौट गरिउका वाल विकास केन्द्रहरूको फर्निचरहरूको अध्ययन गर्दा केन्द्मा आवश्यक पर्ने फर्निचरहरू विद्यालयकै व्यवसथापमा आधारित डेस्क वेन्च, कुर्सी, टेवल, दराज, आशम वेन्च, कार्पेट आदि सामग्री छासमिस रूपमा भएको पाइयो । एक केन्द्रमा भने गुन्द्री र पिरा मात्र भएका पाइयो भने ४ वटा केन्द्रमा विद्यार्थी संख्या अनुसार फर्निचर भएको पाइयो । बालबालिकाहरुको उमेर अनुसारका फर्निचरहरु ३ वटा केन्द्रमा पाइए भने बाँकी २ केन्द्रमा अग्ला फर्निचरहरु बस्न र किताब राख्न प्रयोग भएका पाइयो भने एक केन्द्रमा फर्निचरहरु नभएर गुन्द्री पिरालाई बस्न प्रयोग गर्ने गरेको पाइयो ।

**तालिका नं. १**

**केन्द्रगत फर्निचर सम्बन्धी अवस्था**

| डेस्क/वेन्च जोरमा | कालो/सेतोपाटी | टेवल | कुर्सी | दराज | अन्य |
|---|---|---|---|---|---|
| ३ वटामा ५/५ जोर | प्रत्येकमा १/१ वटा | प्रत्येकमा १/१ वटा | २ वटामा २/२ वटा | १ वटामा २ वटा | ४ वटा केन्द्रमा १/१ आराम वेन्च |
| २ वटामा ४/४ जोर | | | ४ वटा १/१ वटा | ४ वटा १/१ वटा | |
| १ वटा केन्द्रमा नभएको | | | | १ वटमा नभएको | |

स्रोत : स्थलगत सर्वेक्षण,२०७१

वाल विकास केन्द्रमा २५ जना विद्यार्थी अध्यापन गराउनु पर्ने वैधानिक प्रावधान भएर पनि सबै केन्द्रहरूमा सो भन्दा कम विद्यार्थी संख्या भएको देखिन्छ । कम विद्यार्थी संख्या भएर पनि फर्निचरको व्यवस्था नभई गुन्द्री पिरा र कार्पेटलाई फर्निचरको रुपमा प्रयोग गरेको पाइयो । डेस्क वेच्न पर्याप्त भएका विद्यालयहरूमा पनि उमेर मिल्दा फर्निचर नभएको पाइयो । सबै केन्द्रहरूमा वालवालिकालाई निन्द्र लाग्दा सुताउनका लागि गुन्द्री पिरा वाहेक सुताउने ओछ्यानको व्यवसथा नभएको पाइयो । कपडा राख्नका लागि आल्नाको व्यवस्था सबै केन्द्रहरूमा भएको पाइएन । पर्याप्त फर्निचरका सामग्रीहरु नभएर पनि वालवालिकाहरू धुलामै वस्नु पर्ने अवस्था चाहीँ छैन ।

४.२.१.३ खेल मैदानको अवस्था

वालवालिकाहरूको सर्वाङ्गीण विकासको आधारशिला खेल नै हो । वालविकास सम्बन्धि महतवपूर्ण योगदान गर्ने विशिष्ट दार्शनिक तथा शिषाविद्हरू रुसो, फ्रोवेल र मेरीया मण्टेश्वरीले वालवालिकाहरूको चौचर्फी विकासकालागि आवश्यक ज्ञान सीप प्रदान गर्ने प्रमुख औजारको रूपमा खेल विधिलाई स्वीकार गरेका छन् । यस सन्दर्भमा शिक्षा विद जे.सी. अग्रवाल भन्दछन्

जसरी एउटा कवि कविता लेख्न, एउटा गायक गीत गाउन र एउटा नर्तक नाच्न थकित हुदैन, त्यसरी नै एउटा बालक खेल्नमा थकित हुदैन । यसबाट के प्रष्ट हुन्छ भने वालकको आन्तरिक उतह केन्द्रविन्दु खेल नै हो भन्न सकिन्छ ।

बालवालिकाहरूले खेल्ने खेललाई कक्षाकोठा भित्र खेलिने र कक्षाकोठा वाहिर खेलिने दुई प्रकारमा विभाजन गर्न सकिन्छ । कक्षा भित्र खेलिने खेलको उनीहरूको मानसिक विकासलाई सहयोग पुऱ्याउनदछ भने कक्षा वाहिर खेलिने खेलले उनीहको शारीरिक विकासलाई सहयोग पुऱ्याउँदछ । खेल वालवालिकाहरूको प्रकृतिक कृयाकलाप भएकोले खेलेर विताउने र सुख आनन्द प्राप्त गरी रमाइ रहन्छन् । कहिल्यै थाकेको महसुस गर्दैनन् । यसर्थ उनीहरूलाई उमेर अवस्था अनुसारका खेलहरू खेलाएर तन्दुरुस्त बनाउनका लागि बाल विकास केन्द्रको खेल मैदान आधारोपनी वा एक कट्ठा हुनुपर्ने भनि शिक्षा नियामावलीको नियम ६ र (२) मा उल्लेख भए अनुसारको उपयुक्त खेलमैदान हुन आवश्यक हुन्छ ।

उपरोक्त तथ्यलाई आत्मसात गर्दै सप्तरी जिल्लाको पातो स्रोतकेन्द्र अन्तरगतका ५ वटा वालविकास केन्द्रहरूको अध्यनय अवलोकन गर्दा ५ वटा वाल विकास केन्द्रहरूमा कक्षा भित्र र वाहिर खेल्नका लागि पर्याप्त खेलमैदान पाइयो भने एउटा केन्द्रमा कक्षा भित्र खेल्नलाई पर्याप्त स्थान भएको र कक्षा वाहिर खेल्नका लागि खेलमैदान सागुरो भएको स्थलगत अध्ययनका क्रममा पाइयो ।

अधिकांश विद्यालयहरूमा खेल खुल्ने मैदान विद्यालय आफैले चर्चेको हाताभित्र भएको पाइयो । भाडामा वा अन्य व्यवस्थामा खेलमैदानको व्यवस्था गरेको पाइएन । विद्यालयको तह अनुसार एउटै खेलमैदनामा सबै प्रकारका वालबालिका (ठूला र साना) खेल्ने गरेको पाइयो । साना वाल वालिकाहरूका लागि छुट्टै र ठूला वालवालिकाहरूका लागि छट्टै खेलमैदान भएको पाइएन । यसो भएकोले साना वालवालिकाहरूलाई स्वेच्छिक खेल र कृयाकलाप गर्न पर्याप्त अवर भने पाएका छैनन् भन्ने अनुभव भयो । पर्याप्त खेलमैदान भएर पनि भिरालो, खाल्डा खाल्डी र घेरावारा नगरेकाले ५ वटा केन्द्रहरूमा वाल वालिकाहरू खेल्दा लड्ने सम्भावना देखियो भने एउटा वालविकास केन्द्रमा सालको खम्वा र वासको भाटा प्रयोग गरी घेरावारा गरेकोले वालवालिका खेल्दा लड्ने सम्भावना कम देखियो । समग्रमा विद्यालयको खेलमैदान सबै वालालिकाहरूका लागि पर्याप्त र उपयुक्त देखिदैन तापनि आवश्यक प्रकृया अपनाएर खेल खेलाउन सकिने देखिएका छन् । यसबाट के प्रष्ट हुन्छ भने वाल वालिकाहको सर्वाङ्गीण विकासका

लागि उद्देश्य अनुरुपका कृयाकलाप संचालन गराउन पर्याप्त र उपयुक्त खेल मैदान नभएमा बाघा पर्दछ भन्ने तथ्य स्वीकार्य हुन्छ ।

### ४.२.१.४ शौचालयको अवस्था

शरीरले पैदा गर्ने विकारलाई निश्चित स्थानमा फालेर वातावरणीय पक्षलाई स्वास्थ्य, स्वच्छ, हरभरा बनाउन तथा वालवालिकाहरूलाई सानै उमेर देखि स्वास्थ्य र सरसफाइ सम्बन्धी सकारात्मक धारणा, नैनिकता, इमान्दारीता, संयमता जस्ता भावनाको विकास गराउन हरेक वालविकास केन्द्रमा वालक, वालिका र सहयोग कार्यकर्ताका लागि छुट्टा छुट्टै शौचालय हुन आवश्यक हुन्छ ।  शिक्षा नियमावली आठौँ संसोधोनको नियम ६८ को ४ मा स्वच्छ खानेपानी र शौचालयको व्यवस्था बालविकास केन्द्रमा हुनुपर्ने भनी उल्लेख गरेको छ । संखुवासभा जिल्लाको चैनपुर स्रोतकेन्द्र अन्तरगत छनौटमा परेका विद्यालयमा आधारित वालविकास केन्द्रहरूमा अवलोकन गर्दा सबै केन्द्रमा शौचालय नै नभएको चाही पाइएन । सबै वालविकास कैन्द्रहरूमा छात्रहरूका लागि छुट्टै, छात्राहरूका लागि छुट्टै र शिक्षकहरूका लागि छुट्टै शौचालयहरू भएको पाइयो । ति शौचालयहरू सबै ढुगो, माटो, कर्कटपातावाट बनेका र भित्र रड, सिमेन्ट प्रयोग गरी ढलाइ गरेका प्यानसेट जडित पक्की भएको पाइयो । शौचालय पक्कि र राम्रो भएर पनि सबै वालविकास केन्द्रमा पानीको पर्याप्तता र प्रयोग गर्ने वानीको राम्रो विकास नभएकोले दुर्गन्धित र प्रदुषणयुक्त अवस्था भएको पाइयो । सबै केन्द्रमा शिक्षकहरूले प्रयोग गर्ने शौचालय भने वालवालिकाहरूले प्रयोग गर्ने शौचालयको तुलनामा राम्रो अवस्था र सरसफाइ भएको पाइयो ।

### ४.२.१.५ पिउने पानीको अवस्था

स्वास्थ्य जीवनका लागि पिउने पानी अति महत्वपूर्ण पदार्थ हो । वालावालिकाहरू बढी खेलप्रिय भई बढी परिश्रम गर्ने र चन्चले स्वभावका हुने हुँदा उनीहरूका लागि त झन बढी नै आवश्यक पर्दछ । उनीहरूलाई तिर्खालाग्ना साथ पिउन पिउने सरल सहज र पर्यापत व्यवस्था हुनु, त्यति नै वाल वालिकाहरूको स्वास्थ्य पनि सवल र निरोगी हुन्छ । विद्यालय शिक्षा नियामावलीको आठौ संसोधनको नियम ६८ (४) मा स्वच्छ खानेपानीको व्यवस्था हुनुपर्ने भन्ने उल्लेख भएको  छ । ५  वटा वाविकास केन्द्रहरूको स्थलगत अवलोकनका क्रममा ५ वटा केन्द्रमा पिउने पानीको स्थायी स्रोत भई दिर्धकालसम्म रहने एउटा केन्द्रमा अल्पकालिन (अस्थायी)

स्रोत भई कहिले वाल विकास केन्द्रमा पानी आउने र पानी नआएपर्नी नजिकको मुहानमा वा नजिकको घर पसलमा गई पानी मागेर पिउनु पर्ने अवस्था पाइयो । पर्याप्त पानीको स्थायी स्रोत भएका विद्यालयहरूमा पनि पानिलाई फिल्टरमा राखेर प्रयोग गर्ने गरेको ३ वटा विद्यालयमा मात्र पाइयो । बाँकी चारवटा विद्यालयहरूमा पानीको स्रोतबाट जस्तो प्राप्त हुन्छ । त्यस्तै पिउन प्रयोग गर्ने गरेको पाइयो । जसोतसो सबै केन्द्रमा पिउने पानीको व्यवसथा भएको पाइन्छ । तर पर्याप्तता र उपयुतता नदेखिकोले सबै वालवालिकाले चाहेकै समयमा पिउने पानी पाएको अवस्था चाहि पाइएन । तिर्खा लाग्न साथ वालबालिकाले पिउने पानी प्राप्त गर्न नसक्नुलाई उनीहरूको सर्वाङ्गीण विकासकोलागि कमजोर बनाउने पक्षको रुपमा लिन सकिन्छ ।

### ४.३ वाल विकास केन्द्रको शैक्षिक अवस्था

वाल विकास केन्द्रको शैक्षिक अवस्था भन्नाले वाल विकास केन्द्रका कक्षाकोठाहरूमा शिक्षण सिकाइ क्रियाकलाप कतिको प्रभावकारी छ भन्ने कुरालाई जानउँदछ, विद्यार्थीहरूको उमेर, रुची, क्षमता आधारमा शिक्षण सिकाइ भएको छ वटा छैन? संचालन गरिएका कृयाकलापहरूले वालवालिकाहरूको विकासमा कतिको सहयोग पुगेको छ भन्ने कुरालाई सम्बनधोन गर्दछ । वालवालिकाहरूको सर्वाङ्गीण विकासमा नेपाल सरकार, अभिभावक, व्यवस्थापन समिति तथा सहयोगी कार्यकर्ता, व्यक्ति तथा संस्थाहरूको महत्वपूर्ण भुमिका रहेको हुन्छ ।

सप्तरी जिल्लाको पातो स्रोतकेन्द्र अन्तरगत छनौटमा परेका ५ वटा वालविकास केन्द्रहरूको शैक्षिक अवस्थाको अध्ययन गर्ने क्रममा वालवालिकाहरूको अवस्था, अभिभावकहरूको अवस्था नेपाल सरकारको नीति कार्यक्रम तथा सहयोगको अवस्था, शैक्षिक तथा खेल सामग्रकिो अवस्था, शैक्षिक क्रियाकलाप र मूल्याङ्कन सम्बन्धी हालको अवस्थाहरूलाई अध्ययन गरी जसलाई अनुसूची १० मा भएबमोजिम निम्न अनुसार प्रस्तुत गरिएको छ ।

#### ४.३.१ वाल विकास केन्द्रका वालवालिकाहरूको अवस्था

सप्तरी जिल्लाको पाता स्रोतकेन्द्र अन्तरगत छनौट भएका वालविकास केन्द्रका वाल वालिकाहरूको अध्वस्था अध्ययन गर्ने क्रममा ती केन्द्रहरूमा अध्ययन गरी रहेका वाल वालिकाहरूको लैङ्गिक जातजाति र उमेरगत अवस्थालाई अध्ययन गरी प्रस्तुत गरिएको छ ।

सबै वालविकास केन्द्रको विद्यार्थी संख्या अध्ययनबाट सबभन्दा कम १२ जना र बढीमा २४ जना सम्म मात्र वालवालिकाहरू भर्ना भएको पाइयो । वालविकास केन्द्रमा भर्ना हुन आउनु पर्ने वालवालिकाको संख्या र भर्ना हुन आएका वालवालिकाको संख्या र भर्नाहुन आएका वालवालिकाको संख्यावाट औषत भर्नादर ८०.४१ जना भएको पाइयो । वालक र वालिकाको संख्या समानुपातिक नभई फरक भएको पाइयो । जम्मा भर्ना भएका ११९ जना वालवालिकाहरू मध्ये वालकहरूको संख्या ५६ जना ४७.०६% र वालिकाहरूको संख्या ६३ जना ५२.९४% रहेको छ । यसबाट के देखिन्छ भने वालकको संख्याभन्दा बालिकाको संख्या ९ जना बढी भएको पाइयो । वाल विकास केन्द्रमा वाल वालिकाहरूलाई उमेरगत आधारमा निम्नानुसार विभाजन भएको पाइयो ।

**तालिका नं. २**

**वाल वालिकाको उमेरगत अवस्था**

| उमेर वर्षमा | वालवालिकाको संख्या र प्रतिशत | | | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | छात्र संख्या | छात्र प्रतिशत | छात्रा संख्या | छात्रा प्रतिशत | वालवालिकाको संख्या | प्रतिशत |
| ३ | २३ | १९.३३ | २७ | २२.६९ | ५० | ४२.०२ |
| ४ | २४ | २०.१७ | २९ | २४.३७ | ५३ | ४४.५४ |
| ५ | ९ | ७.५६ | ७ | ५.८८ | १६ | १३.४४ |
| जम्मा | ५६ | ४७.०६ | ६३ | ५२.९४ | ११९ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण,२०७१

माथिको तालिका अनुसार वालावलिकाहरूको उमेरगत अवस्थालाई हेर्दा सवभन्दा बढी ४ वर्षका ४४.५४ प्रतिशत वालवालिकाको संख्या क्रमशः २४ र २९ गरी जम्मा ५३ जना त्यसपछि दोस्रो ३ वर्षका ४२.०२ प्रतिशत वालवालिकाको संख्या क्रमशः २४ र २९ गरी ५३ जना र तेस्रो स्थानमा ५ वर्षका १३.४४ प्रतिशत वाल वालिकाहरूको संख्या क्रमशः ९ र ७ जना गरी जम्मा १६ जना भएको पाइयो ।

जातिगत आधारमा वालवालिकाहरूको संख्यालाई तालिकिरण विधिबाट निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका ३**

**जातिगत आधारमा वालवालिकाहरूको अवस्था**

| क.स. | जातजातिको नाम | वालवालिकाको संख्या जनामा | | | प्रतिशत |
|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | |
| १. | व्राह्मण | १० | ९ | १९ | १५.९७ |
| २. | क्षेत्री | ११ | १४ | २५ | २१.०१ |
| ३. | यादब | १० | १२ | २२ | १८.४९ |
| ४. | महतो | १० | १२ | २२ | १८.४९ |
| ५. | थारु | ५ | ५ | १० | ८.४० |
| ६ | दलित | ६ | ८ | १४ | ११.७६ |
| ७. | अमात | २ | २ | ४ | ३.३६ |
| ८. | चमार | २ | १ | ३ | २.५२ |
| | जम्मा | ५६ | ६३ | ११९ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण,२०७१

सप्तरी जिल्ला पातो स्रोतकेन्द्र अन्तरगत छनौटमा परेका वालविकास केन्द्रका वालविकालकाहरूको जातिग आधारमा हेर्दा सभबन्दा बढी क्षेत्री जातिका वाललिकाहरू रहेको पाइयो । जसमा छात्र संख्या ११ र छात्रा संख्या १४ गरेर जम्मा २५ जना २१.०१ प्रतिशत भएको देखिन्छ । त्यसपछि दोस्रो संख्या यादब र महतोको रहेको पाइयो । जसमा यादबजातिका छात्र १० र छात्रा १२ गरी जम्मा २२ जना र १८.४९ प्रतिशत भई यादब र महतो जातिकाको संख्या बरावरी देखिन्छ । त्यसपछि तेस्रो संख्या व्राह्मण जातिको पाइयो । जसको छात्र १० जना र छात्रा १९ जना गरी जम्मा १९ जना १५.९७ प्रतिशत भएको पाइयो । त्यसपछि क्रमशः दलित छात्र ६ जना र छात्रा ८ जना गरी जम्मा १४ जना ११.७६ प्रतिशत, थारु छात्र ५ र छात्रा ५ गरी जम्मा १० जना ८.४० प्रतिशत, अमात छात्र २ र छात्रा २ गरी जम्मा ४ जना ३.३६ प्रतिशत र चमार छात्र २ र छात्रा १ गरी जम्मा ३ जना २.५२ प्रतिशत भएको देखिन्छ । यसरी अध्ययनको क्षेत्रमा सबभन्दा कम संख्या चमार जातिको भएको पाइयो । यसबाट के भन्न सकिन्छ भने सबैजातिको समान प्रतिनिधित्व नभएपनि प्रायः त्यस क्षेत्रमा बसोवास गर्ने प्राय धेरै जातिका वालवालिकाहरू वालविकास केन्द्रमा भर्ना हुन आएको पाइयो ।

४.३.२ सहयोगी कार्यकर्ताको वर्तमान अवस्था

नेपाल सरकार, सरकारी तथा गैरसकारी संस्था, नगरपालिका तथा गाउँ विकास समितिहरू र समुदायहरूबाट प्राप्त भौतिक तथा शैक्षिक सुविधाहरूको सही सदुपयोग गर्दै वाल

विकास केन्द्रमा सहयोग पुऱ्याउने जिम्मेवार व्यक्ति नै सहयोगी कार्यकता हुन् । सहयोग कार्यकर्ताको लिंग, योग्यता, क्षमता, तालिम अनुभव पारिश्रमीक तथा सुविधा आदिबाट वालविकास केन्द्रमा गरिने सम्पूर्ण क्रियाकलापहरू प्रभावित भएका हुन्छन् । सहयोगी कार्यकर्ता जतिवाढी क्रियाशिल हुन सक्यो, त्यति नै बढी बालवालिकाहरू गतिशिल हुन्छन् । तसर्थ उपयुक्त ठानिएका बुदाहरूमा आवश्यक सूचनाहरू प्रस्तुत गरिएको छ । जसलाई अनुसूची १० मा प्रस्तुत गरिएको छ ।

हाल सरकाले निर्धारण गरी पाउने गरेको पारिश्रमिक प्रति व्यक्ति प्रतिमहिना रु. ३०००। भएको पाइयो तर अभिभावकहरु र अन्य पक्षहरुको सहयोगमा रु. ५५००। सम्म पारिश्रमिक पाउने गरेको पाइयो । उनीहरुको शैक्षिक योग्यतालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४**

**सहयोगी कार्यकताको वर्तमान अवस्था**

| शैक्षिक योग्यता | लिङ्ग | तालिमको अवस्था | शिक्षण अनुभव वर्ष |
|---|---|---|---|
| एउटामा १२ कक्षा पास | सबैकेन्द्रमा विवाहित महिला | ३ हप्ते पूर्णकालिन र वर्षको २ पटक पुनर्ताजगी तालिम | १ जना ९ वर्ष, एक जना ८ वर्ष, २ जना ५ वर्ष, १ जना ३ वर्ष र १ जना १ वर्ष |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

४.३.२.१ योग्यता तथा क्षमताको अवस्था

सप्तरी जिल्ला पातो स्रोतकेन्द्र अन्तरगत अध्ययनका लागि छनौट गरिएका छ ५ वटा वालविकास केन्द्रहरूमा काम गर्ने सहयोगी कार्यकर्ताकाहरूको शैक्षिक योग्यता निवेदकले कम्तिमा S.L.C. पास हुनुपर्ने उल्लेख गरेकोमा ५ वटामा एस.एल.सी. पास र एउटा केन्द्रमा कक्षा १२ पास गरेको पाइयो । सबै केन्द्रमा कम्तीमा एस.सल.ली. पास योग्यता प्राप्त गरेका सहयोगी कार्यकर्ताहरूले वाल कक्षा संचालन गरेको हुँदा कक्षाहरू प्राभावकारी, वालकेन्द्रित र रमाइलो वातावरणमा सिकाइ क्रियाकलाप संचालन गरेको पाइयो । वाल वालिकाहरू सिकाइ प्रति अनुशासित रूपमा उत्प्रेरीत भएको पाइयो ।

४.३.२.२  सहयोगी कार्यकर्ताको शिक्षण अनुभव

यस अध्ययनको छनौटमा परेका ५ वटा वालविकास केन्द्रहरूमा अध्ययन गर्दा धेरै वर्षलामो अनुभव कसैको पनि भएको पाइएन किन भने यो कार्यक्रम वि.स. २०५८ साल देखि लागू भएको भए पनि यस स्रोतकेन्द्रमा वि.स. २०६१ साल देखि मात्र लागू भएको पाइयो । तसर्थ ज्ञ जना सहयोगी कार्यकर्ताको अनुभव ९ वर्ष नै सबभन्दा बढी र पहिलो हुन पुगेको पाइयो । दोस्रो ८ वर्षको अनुभव भएको १ जना र तेस्रोमा ५ वर्ष अनुभव भएका २ जना, चौथोमा ३ वर्षको अनुभव भएको एकजना पाँचौ १ वर्षको अनुभव भएको १ जना सहयोगी कार्यकर्ताको अनुभव भएको पाइयो ।

४.३.२.३ सहयोगी कार्यकर्ताको तालिम तथा प्रशिक्षणको अवस्था

यस अध्ययनको छनौटमा परेका वाल विकास केन्द्रमा सबैजना कार्यकर्ताहरूलाई जिल्ला शिक्षा कार्यलय तथा स्¤ोतकेन्द्र कार्यालय ले ३ हप्ताको सेवाकालीन तालिम दिइएको पाइयो । बालविकास कार्यक्रम निर्देशिकाले तीनहप्ते र वर्षको २ पटक ३/३ दिने पुनर्ताजगी तालिम भनेके छ यस तालिममा वालमनोविज्ञान सम्बन्धी ज्ञान, शिक्षण विधि, शिक्षण सामग्रीको प्रयोग समस्या समाधान गर्ने विधिहरू सिकाइएको पइायो । सहयोगी कार्यकर्ताहरूले यो तालिम मात्र पर्याप्त नभएरको गुनासो व्यक्त गरे । उनीहरूले लामो समयको पूर्ण कालिन तालिमको व्यवस्था भएमा शिक्षण सिकाइलाई थप प्रभावकारी बनाउन सकिने तर्फ उनीहरूले पेश गरे उनीहरूले प्रत्येक ६/६ महिनामा हुनु पर्ने ३ दिन पुनताजकी तालिम २/२ वर्षमा हुने गरेको पाइयो ।

४.३.२.४ सहयोगी कार्यकर्ताको लैङ्गिक अवस्था

यस अध्ययनको छनोटमा परेका ५ वटै वालविकास कैन्द्रहरूमा महिलाहरू सहयोगी कार्यकर्ता कार्यरत भएको पाइयो । महिलाहरू साधारण तया ममतामयी स्नेही, सहनशीलता, वात्साल्यामयी तथा वालवालिकाहरूको हेरचाहमा विशेष ध्यान दिन सक्ने हुँदा वालवालिकाहरू उनीहरूसँग विनाडर घुलमिल भई निर्भय रूपमा स्वतन्त्रतापूर्वक सिक्न उत्सुक भएको व्यवहारबाट देखियो । यस्तो व्यवहारे सिकाइमा सकारात्मक प्रभाव पार्ने तथ्य स्पष्ट भएको छ ।

४.३.२.५ सहयोगी कार्यकर्ताको पारिश्रमिक तथा सुविधाको अवस्था

यस अध्ययनको छनौटमा परेका वालविकास केन्द्रका सहयोगी कार्यकर्तालाई सरकारले दिने गरेको रु ३००० र विद्यालयले थप कार्यभार समेत दिएर थप गरिदिएको रु २५०० समेत जम्मा रु ५५०० । सम्म मात्र बढिमा प्रतिमहिना प्राप्त गर्ने गरेको पाइयो । विद्यालयले थप ापरिश्रमिक नदिएका केन्द्रहरूमा सबभन्दा कम रु ३००० मात्र पारिश्रमिक प्राप्त गर्ने गरेको पाइयो ।

नमुना छनौटमा परेका ५ वटा वाल विकास केन्द मध्ये एउटा केन्द्रमा सहयोगी कार्यकर्ताको पारिश्रमिक रु ५५०० दुईवटा केन्द्रमा रु ४७००।- एउटा केन्द्रमा रु ४६००।- र दुईवटा केन्द्रमा रु ३००० मात्र प्रति महिना पारिश्रमिक प्राप्त गर्ने गरेको पाइयो । यी सबै केन्द्रहरूबाट प्राप्त गर्ने गरेको पारिश्रमिक वर्तमान समयको सन्दर्भमा अत्यान्त न्यून हो । न्यून पारिश्रमिक भएका कारण विहान बेलुका छाक टार्ने समस्या हल गर्न नसकिएको, दैनिक ४/५ घण्टा केन्द्रमा नै विताउनु पर्ने र अन्य वैकल्पिक रोजगारको बाटो अवलम्वन गर्न नसकेको अवस्था जनाउँदै गम्भिर चासो व्क्त गरे । घरमा रहदा समेत वालविकास केन्द्रसँग सम्बिन्धत सन्दर्भहरूमा चिन्तन, मनन र निर्माण कार्य गर्नु पर्ने हुन्छ र कम परिश्रमिक भएका कारण आफ्नौ दैनिक व्यवहार संचालननको चिन्ताले वालविकास केन्द्र तर्फको ध्यान मोडिदिन्छ र वालविकास केन्द्रका सन्दर्भहरू गौण सावित हुने विचार उनीहरूले व्यक्त गरे । कम पारिश्रमिक भएकै कारण अध्ययायन विकास, नयाँ विधिको खोजी चिन्तन, मनन र निर्माण सम्बन्धि यथोचित विकास गरी शिक्षण सिकाइमा उपयोगी गर्न नसकिएको भन्ने वजावफ उनीहरूबाट प्राप्त भएको छ । सहयोगी कार्यकर्ताको पारिश्रमिक कम्तिमा गास, वास र कपासको समस्या धान्न पुग्ने गरी वृद्धि भएमा वालविकास कैन्द्रको क्रियाकलापमा तल्लिन हुन सकिने र वालवालिकाहरूको सर्वाङ्गीण विकासमा प्रभावकारीता ल्याउन सकिने तर्क उनीहले प्रस्तुत गरेर । कम पारिश्रमिक पाउने कार्यकर्ताको तुलनामा बढी पारिश्रमिक पाउने कार्यकर्ता केहि बढी सन्तुष्ट भएको पाइयो । उनीहरूले वालविकास केन्द्रमा प्रभावकारी क्रिायकलाप संचालन गरेर प्रभावकारी शिक्षण सिकाइ गर्न प्राथमिक विद्यालयका शिक्षकको बराबर पारिश्रमिक विद्यालयका शिक्षकको वरावर पारिश्रमिक हुनु पर्ने भन्ने नेपाल सरकार समक्ष अनुरोध पेश गर्ने तर्फ आफूहरू उन्मुख भएको व्यक्त गरेका छन् ।

४.३.३ अभिभावकहरूको शैक्षिक अवस्था

वालविकास केन्द्रको स्थापना काल देखि कार्यक्रमको अन्तिम चरणसम्म अभिभावको भूमिका महत्वपूर्ण हुन्छ । वालविकास कैन्द्रको भौतिक अवस्था, आर्थिक अवस्था, सामाजिक अवस्था आदि सुनियोजित र सुव्यवस्थित कायम गर्न प्रत्यक्ष वा परोक्ष रुपमा अभिभावकहरूनै क्रियाकशिल  हुनुपर्दछ । अन्यथा केन्द्रको सम्पूर्ण क्रियाकलाप प्रभावित भई नकारात्मक असर पर्नुको साथै औचित्य नै समाप्त हुनजान्छ ।

सप्तरी जिल्ला पातो स्रोतकेन्द्र अन्तरगत यस अध्ययनलाई पुरा गर्न छनौट गरी अध्ययन गरिएका ५ वटै वालविकास केन्द्रका अभिभावहरू २/२ जनासंग अन्तरक्रिया गर्दा विद्यार्थीहलाई नियमित विद्यालय पठाउने गरेको, केन्द्रको भौतिक सुविधा व्यवस्था गर्न आवश्यकता अनुसार शारीरिक तथा आर्थिक सहयोग गर्ने गरिएको, समय समयमा केन्द्रमा गई आफ्नो वालबालिकाहरूको प्रगति सम्बन्धमा चासो राख्ने गरेको पाइयो । वालविकास केन्द्रले आयोजना गरेका कार्यक्रमहरूमा उपस्थितभई सक्दो सहयोग गर्ने गरेको पाइयो । अभिभावकहरूबाट सक्दो सहयोग भएर पनि वाल विकास केन्द्रको शैक्षिक, सामाजिक, आर्थिक तथा भौतिक पक्षहरूको पूर्ण व्यवस्थापन हुन सकेको भने पाइएन । यसरी नै नियमित निरीक्षण, अनुगमन र नयाँ कार्य योजना निर्माण गर्न अभिभावकहरूको सक्रियता भएको पाइएन उनीहरूले आफ्ना वालवालिकाहरूको केवल शैक्षिक पक्षको मात्र चासो राख्ने गरेको पाइयो । उनीहरूले शैक्षिक पक्षको अतिरिक्त मानसिक, शारीरिक, वौद्धिक तथा सम्वेगात्मक अवस्था बारे त्यति चासो राखेको पाइएन । यसरी सबै पक्षमा चासो पुग्न नसक्नुको कारण आफूहरू दैनिक व्यवहार धान्नका लागि रोजगारीमा व्यस्त रहनु पर्ने बताए ।

यस अध्ययनसँग सम्बन्धित अधिकांश अभिभावकहरू स्थानिय नै भएर पनि अशिक्षित भएको कारण यस्ता प्रक्रिया सम्बन्धमा आफूहरू अनविज्ञ भएको बताए उनीहरूले वालवालिकालाई केन्द्रमा पठाएर सहयोग गर्नु पर्दछ । वाँकी बालबालिकाहरूको हेरविचार गर्ने, घर पठाउने केन्द्रमा रहदाको सम्पूर्ण जिम्मेवारी सहयोगी कार्यकर्ताको हुनु पर्ने भन्ने तर्क प्रस्तुत गरे जसलाई अनुसूची ३ मा प्रस्तुत गरिएको छ ।

यस अध्ययनमा सहभागी १२ जना अभिभावकहरूको शैक्षिक अवस्थालाई हेर्दा साधारण तथा साक्षर भएको र माथिल्लो शैक्षिक योग्यता एस.एल.सी पास सम्ममात्र भएको पाइयो ।

अलिक बढी शैक्षिक योग्यता प्राप्त गरेका अभिभावकहरूले आफूहरू बाल विकास केन्द्र प्रति बढी उत्तरदायि भएको र साक्षर मात्र भएको अभिभावकहरूले कम उत्तरदायि भएको र श्रममा व्यस्त रहनु पर्ने भन्नेमा सहमति जनाए संलग्न अभिभावकहरूको शैक्षिक योग्यता निम्न तालिकाबाट अध्यनय गर्न सकिन्छ ।

तालिका ५

अभिभावकहरूको शैक्षिक अवस्था

| शैक्षिक योग्यता | संख्या | प्रतिशत |
|---|---|---|
| निरक्षर | २ | १६.६७ |
| साक्षर (एस.एल.सी. मुनी) | ७ | ५८.३३ |
| एस.एल.सी र सोभन्दा माथि | ३ | २५.०० |
| जम्मा | १२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण,२०७१

माथिको तालिका अवलोकन गरेर भन्न सकिन्छ की १२ जना अभिभावकहरूमा सबभन्दा बढी अभिभावकह साक्षर (एस.एल.सी मुनी) ७ जना अर्थात ५८.३३ प्रतिशत, त्यसपछि एस.एस.एल.सी.पास र सो भन्दामाथिको योग्यता प्राप्त गरेका ३ जना अर्थात २५ प्रतिशत बाँकी निरक्षर जसले शैक्षिक योग्यता प्राप्त गरेका छैनन २ जना अर्थात १६.६७ प्रतिशत रहेको पाइयो ।

४.३.४ बालविकास केन्द्रमा उपलब्ध शैक्षिक सामग्रीको अवस्था

वालवालिकाहरूको सर्वाङ्गिण विकास गर्नको लागि विभिन्न प्रकारका सामग्रीहरूको प्रमुख स्थान हुन्छ । सिकाइका लागि शैक्षिक सामग्रीहरूको अह्म महत्व हुन्छ । जति बढी शैक्षिक सामग्रीहरू उपलब्ध हुन्छ र प्रयोगमा ल्याइन्छन् । त्यति नै बढी सिकाइ प्रभावकारी हुन्छ ।

सप्तरी जिल्ला पातो र स्रोतकेन्द्र अन्तरगत छनोटमा परेका वालविकास केन्द्रहरूमा शैक्षिक सामग्रीको वितरण समान रुपमा भएको पाइएन । जिल्ला शिक्षा कार्यलय तथा स्रोतकेन्द्रले उपलब्ध गराएको सामग्रीहरू जस्तै वर्णतालिका, अंक तालिका अल्फावेट तालिका मानिसका तस्विरहरू, फलफूल र जनावरका चित्रहरू सबै केन्द्रहरूमा प्राप्त भएको पाइयो । आर्थिक रुपमा बलिया देखिएका ३ वटा वाल विकास केन्द्रहरूमा केहि बढी सामग्रीहरू पाइए । जसमा

वालपुस्तिकाहरू महापुरुषहरूका तस्विरहरू विभिन्न अवस्था जनाउने मानिसका चित्रहरू (रोएको, हाँसेको, झगडा गरेको, चर्पि प्रयोग गरेको र नगरेको, मेलमिलापको चित्रहरू, जनवार, फलफूल, यातायातका साधानहरू चित्रहरू आदी) पाइए । अन्य दुई वटा वालविकास केन्द्रहरूमा सिठि, मादल, हारमोनियम, किबोर्ड खेलैनाहरू जस्ता सामग्रीहरू भएको पाइयो । बाँकी एक वालविकास केन्द्रमा स्थानीय रुपमा तयार गरिएका टिन, रवरका वट्टाहरू, कपडाका टुक्राहरू काठाका लौराहरू, वासका बल्गाहरू र अन्य केही सामग्रीहरू समेत भएको पाइयो  जसलाई अनुसूची ७ मा प्रस्तुत गरिएको छ ।

शैक्षिक सामग्रीहरूको उपलब्धता सबै वाल विकास केन्द्रहरूमा समान रूपमा नपाइए पनि उपलब्ध अधिकांश सामग्रीहरू प्रयोग गर्ने गरेको पाइयो । जिल्ला शिक्षा कार्यालय तथा स्रोतकेन्द्रबाट उपलब्ध गराइएका शैक्षिक सामग्रीहरू सहयोगी कार्यकर्ताको प्रत्यक्ष निरगरानी र नियन्त्रणमा प्रयोग गर्ने गरेको हुँदान अन्य सामग्रीको तुलनामा बढी टिकाउ भएको पाइयो । धेरै सहयोगी सामग्रीहरू सहयोगी कार्यकर्ताले संकलन गर्ने निर्माण गर्ने लेखेर तयार गर्ने कालो/श्वेत पाटीमा चित्र तयार गर्ने आदि प्रक्रिया अपनाएर बालबालिकाहरूमा शैक्षिक ज्ञान तथा धारणा दिने गरेको पाइयो ।

### ४.३.५ खेलकुद सामग्रीको अवस्था

बालबालिकाहरूलाई जतिबढी खेल सामग्री व्यवस्था गर्न सक्यो त्यति नै बढी क्रियाशिल बनाउन सकिन्छ । खेलको माध्यमबाट बालबालिकाहरूको सिकाइमा सकारात्मक प्रभाव पार्न सकिन्छ । विशेष गरेर बालबालिकाहरूको शारिरीक र मानसिक विकासमा बढी प्रभाव खेलबाट पर्ने भएकोले खेल सामग्रीलाई महत्वपूर्ण औजारको रुपमा लिइन्छ ।

यस अध्ययनलाई पूरा गर्नका लागि छनोट भएका वालविकास केन्द्रमा देखिएका सामग्रीहलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ६

खेल सामग्रीको अवस्था

| खेलको प्रकार | उपलब्ध सामग्री | बालविकास केन्द्रको संख्या | प्रतिशत | पर्याप्त/ अपर्याप्त |
|---|---|---|---|---|
| कोठा बाहिर खेलिने खेल सामग्री | स्कीपिङ डोरी | ६ | १०० | पर्याप्त |
| | सानो वल | ६ | १०० | अपर्याप्त |
| | चाकाचुली | २ | ३३.३३ | अपर्याप्त |
| | पिङ | ४ | ६६.६७ | अपर्याप्त |
| | रिङ्ग | ५ | ८३.३३ | पर्याप्त |
| | चेकर | २ | ३३.३३ | अपर्याप्त |
| | चुंगी | ६ | १०० | पर्याप्त |
| कोठा भित्र खेलिने  खेल सामग्री | चेस | ६ | १०० | अपर्याप्त |
| | लुडो | ६ | १०० | पर्याप्त |
| | गुडिया | ५ | ८३.३३ | अपर्याप्त |
| | पजल | ३ | ५० | अपर्याप्त |
| | क्यारामबोर्ड | १ | १६.६७ | अपर्याप्त |
| | ढुङ्गाको गोटी | ६ | १०० | पर्याप्त |

स्रोत : स्थलगत सर्वेक्षण,२०७१

४.३.६ व्यवस्थापन समिति र व्यवस्थापकिय अवस्था

कुनै पनि संघ संस्थालाई अनुशासित, मर्यादित सवल र सक्षम बनाउन त्यससँग सम्बद्ध व्यवस्थापकहरूको अहम भुमिका हुन्छ । बालविकास केन्द्रको सर्वाङ्गीण विकासको पक्षहरूको प्रगति गर्न साथै केन्द्रको निरीक्षण,अनुगमन, नियन्त्रण तथा सुपरिवेक्षण गर्न प्रत्येक वाल विकास केन्द्रमा ७ सदस्यीय व्यवस्थापन समिति गठन गर्ने व्यवस्था निर्देशिकामा भएको भए पनि हाल वाल विकास केन्द्र छुट्टै राख्ने नीति नभइ विद्यालयमा नै गाभिएकोले वाल विकास केन्द्रको व्यवस्थापन समिति र विद्यालयको व्यवस्थापन समिति छुट्टाछुटै नभई एउटै भएको पाइयो । यो समितिमा ९ सदस्य रहने व्यवस्था शिक्षा नियमावली गरेकोमा सबै व्यवस्थापन समितिमा

जनप्रतिनिधि नभएकोले ८ सदस्य मात्र रहेको पाइयो । व्यवस्थापन समितिको अध्यक्ष हुनको लागि सम्बन्धित विद्यालयको तह उत्तीर्ण गरेको शैक्षिक योग्यता र अभिभावक हुनु पर्ने भन्ने नियम पालन गरेर अभिभावकहरूले आफूहरू मध्येबाट ४ जना छान्ने गरेको पाइयो । बाँकी ३ जनामा १ जना महिला रहने गरी छन्ने गरेको  पाइयो । समितिको सचिवमा विद्यालयका प्र.अ. पदेन सदस्य सचिव रहने र कर्मचारी वैठकबाट आफूहरू मध्येको १ जना कर्मचारी प्रतिनिधि पठाउने गरेको पाइयो । यसरी बाँकी हुन आउने २ जना स्थानीय बुद्धि जीवी र चन्दादाताहरूबाट १/१ जना प्रतिनिधि व्यवस्थापन समितिको वैठकबाट मनोनित गर्ने गरेको पाइयो । यसरी गठीत समितिको कार्यकाल ३ वर्षको हुने र विद्यालयलाई व्यवस्थित गर्नको लागि आवश्यक पर्ने सम्पूर्ण कार्यहरू निर्णय मार्फत गर्ने गरेको पाइयो । व्यवस्थपन समितिको अध्यक्षहरूको अवस्थालाई तल तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ७

व्यवस्थापन समितिको अध्यक्षहरूको अवस्था

| एस.एल.पी. उ.मा.वि. पत्थरगाडा सप्तरी | अनभुभव वर्षमा | शैक्षिक योग्यता |
|---|---|---|
| ज .शं.उ मा.वि. रजगढ नर्धो सप्तरी | ३ | आइ.कम |
| ज. मा.वि. खुरहुरीया सप्तरी | ७ | एस.एल.सी |
| ज.मा.वि. बसबिट्टी सप्तरी | ३ | साक्षर |
| ज.प्रा.वि. नर्धो | ३ महिना | एस.एल.सी |

स्रोत : स्थालगत सर्वेक्षण,२०७१

माथि उल्लेख गरेको तालिका अनुसार अध्यक्ष एक केन्द्रमा ७ वर्ष अनुभव गरेको एक केन्द्रमा ६ वर्ष अनुभव गरेको ३ केन्द्रमा ३ वर्ष अनुभव गरेको र १ केन्द्रमा ३ महिनाको मात्र अनुभव गरेको पाइयो । यी अध्यक्षहरू मध्ये १ जनाको शैक्षिक योग्यता आइ.कम.,३ जनाको एस.एल.सी र २ जना साक्षर मात्र रहेको पाइयो ।  यी सबै केन्द्रमा व्यवस्थापन समितिले विद्यालय तथा वाल विकास केन्द्रको भवन शैचालय, खेल मैदान, पीउने पानी आदिको

व्यवस्थापन गर्दै समय समयमा केन्द्रको संचालनमा रेखदेख निरीक्षण, नियन्त्रण र सहयोग पुऱ्याउने गरेको पाइयो । वाल विकास केन्द्रका अभिभावकहरूलाई केन्द्रको विकासमा सहभागि गराउने, आर्थिक तथा मानविय स्रोत जुटाउन स्थानीय निकाय तथा संघ संस्थाहरूसँग समन्वयन गर्ने, आवश्यकता अनुसार वैठक बसेर समस्याहरूको बारेमा छलफल गरी निर्णय गर्ने गरेको पाइयो। कतिपय विषयमा नियर्णहरू कार्यान्विनय नभएका र ढिला सुस्तिका अवस्थाहरू पनि भएको पाइयो । बालविकास केन्द्रको समस्या समाधान गर्न सहयोगी कार्यकर्ताको पारिश्रमीक वृद्धि गर्न चन्दा संकलन गर्ने गरेको पाइयो । यसरी केन्द्रहरू संचालन गराउनमा कठिनाइ भएकोमा सम्बन्धित निकायको व्यवस्था भएको गुनासो व्यक्त गर्दै सुधार गर्नु पर्ने धारणा उनीहरूले राखेका छन् जसलाई अनुसूची ९ मा प्रस्तुत गरिएको छ ।

### ४.३.७ विद्यालयका प्रधानाध्यापकको बालविकास केन्द्र व्ययवस्थापनमा भूमिका

वाल विकास केन्द्रहरू सुरुवात क्रममा समुदायमा संचालन गर्ने नीति भएको भए पनि वि.स. २०६३ साल देखि वाल विकास केन्द्रहरू विद्यालयमा गाभेर स्थापना गर्ने व्यवस्था भएकोले वाल विकास केन्द्रको गतिविधिले विद्यालयका प्र.अ.हरूलाई प्रभाव पार्ने भएको हुँदा प्र.अ.हरूको प्रशासनिक अवस्था सम्बन्धमा चर्चा गर्नु आवश्यक हुने ठानीएको छ । वालविकास केन्द्रहरू विद्यालयमा गाभ्ने र स्थापना गर्ने व्यवस्था भए पश्चात सम्पूर्ण क्रियाकलापहरू प्र.अ.सँग सम्बन्धित भएको पाइयो । वाल विकास केन्द्रको व्यवस्थापन समिति छुट्टै नहुने प्रशासनिक कार्य सम्पन्न गर्ने छुट्टै कार्यालय नहुने भई एकीकृत रुपमा कार्य सम्पादन गर्ने गरेको पाइयो । वाल विकास केन्द्रहरू विद्यालयकै पूर्व प्राथमिक विद्यालयको रुपमा आबद्ध भएको पाइयो । यसरी विद्यालयकै अभिन्न पक्षको रुपमा रहेको वालविकास केन्द्रको सम्पूर्ण कक्षहरूमा प्र.अ.को ध्यान पुग्नु पर्ने भएको देखिन्छ । विद्यालय भन्नु नै वाल विकास कैन्द्रको र वाल विकास केन्द्रको भन्नु नै विद्यालयको भन्ने मान्यताका साथ सबै क्रियाकलाप संचालन भई रहेको पाइयो । विद्यालयका प्र.अ. नै वाल विकास केन्द्रका भौतिक आर्थिक सामाजिक शैक्षिक व्यवस्थापनको व्यवस्थापन गर्ने प्रशासकिय प्रमुख भएको पाइयो । प्रशासनिक रुपमा पनि सहयोगी काकर्य कर्ता प्र.अ. को मातहतमा रहेर कार्य सम्पादन गर्ने गरेको पाइयो । वाल विकास केन्दैको समस्यालाई विद्यालय कै समस्याको रुपमा लिइएर प्रशासनिक कार्य सम्पादन गर्ने गरेको पाइयो । यस अध्ययनको छनौटमा परेका ५ वटा वाल विकास केन्द्रको प्र.अ.हरूले वाल विकास केन्द्रसँग सम्बन्धित भौतिक, आर्थिक प्रशासनिक र शैक्षिक उन्नयनको लागि विद्यालय मार्फत वालविकास केन्द्रलाई

साधान सम्पन्न बनाएर संचालन गराउन सकेमा वाल विकास केन्द्रको प्रभावकारीतामा वृद्धि हुनुका साथै विद्यालयको शैक्षिक क्रियाकलाप र उपलब्धिमा समेत सुधार आउने साझा धाराणा व्यक्त गर्नु भएको छ जसलाई अनुसूची २ मा प्रस्तुत गरिएको छ ।

४.३.८ वालवालिकाहरूको विभिन्न पक्षको विकासको अवस्था

नेपाल सरकारले प्रत्येक वाल विकास कैन्द्रलाई सञ्चालन गर्न वाल विकास कार्यक्रम सञ्चालन निर्देशिका , सहयोगी कार्यकता निर्देशिका, वाल पुस्तिकाहरू आदि उपलब्ध गराएको भएर पनि ३ वटामा पाठ्यक्रम कार्यन्वयन निर्देशिका पाइयो र त्यसै अनुरुप क्रियाकलाप हुने गरेको पाइयो । तर वाँकी केन्द्रमा निर्देशिका नभएको र निर्देशिकामा आधारित क्रियाकलाप कम हुने गरेको पाइयो । वाल विकास कार्यक्रममा वाल वालिकाहरूलाई विभिन्न क्रियाकलापहरूमा सहभागि गराई शारीरिक, बौद्धिक, सामाजिक र संवेगात्मक उद्देश्य अनुरुप विशेष गरेर ४ पक्षहरूको विकास गराउन खोजीएको छ । जसलाई बुागत रुपमा तल प्रस्तुत गरिएको छ :

४.३.८.१ शारिरीक पक्ष

शारीरिक पक्ष शरीरिका सबै अंगहरूको मजबुत विकाससँग सम्बन्धित छ । क्रियाकत्मक विकासको पर्यावाची नै शारीरिक विकास हयो। शरिरीक विकास भन्नाले शरिरीका समर्पूण अंग र मांशपेशीहरूलाई संचालन गरी विभिन्न क्रियालाप पुरा गर्नु हो । शारीरिक पक्षको विकासको लागि बालवालिकाहरूलाई उचाल्ने, फाल्ने, समाउने, च्यात्ने, पट्याउने, कोर्ने, रङ्ग लगाउने, फुटाउने, हातखुट्टा चाल्ने चड्ने र ओर्लने, सतरक र गोडा फाट (पिटी) जस्ता क्रियाकलापहरूमा सहभागि गराउने गरेको पाइयो । ती क्रियाकलापहरू गराउन कागज पुस्तक, झोला, बट्टा, लठ्ठी भकुन्डो, डोरी, चिप्लेटी, चाकाचुली, मादल, गुडिया, पेन्सिल, इलेजर आदि जस्ता धेरै सामग्रीहरूको प्रयोग गर्ने गरेको पाइयो । यसका लागि खेल, समस्या समाधान, अभिनय, नक्कल, प्रदर्शन आदि विधिहरू प्रयोग गर्ने गरेको पाइयो ।

४.३.८.२ वौद्धिक पक्ष

बालबालिकाहरूको बैद्धिक पक्षको विकास गराउन लागि वाल विकास केन्द्रहरूमा वालवालिकाहरूका ज्ञनेन्द्रियहरूलाई प्रशिक्षित गराई रंग, आकार, साइज, ध्वनी, स्वाद, स्पर्श, गन्ध

आदि सम्बन्धी चेतनाको विकास गराउन, वर्ण, संख्या, क्रम सम्बन्धि धारणाको विकास गराउँदै छलफल, कथा, कविता, गीत, नाटक, अभिनय, कथा कथन, जस्ता विधिहरू प्रयोग गरी उनीहरूमा सुन्न, भन्न, क्रममिलाउन, जवाफ दिन आदि अभ्यास गराउने गरेको पाइयो ।

वैद्धकि पक्षको ज्ञान गराउनको लागि वास्तविक वस्तु छोएर हेरेर सुनेर सुगेर स्वाद लिएर गराउने गरेको पाइयो । कुनै वातावरणमा भएको वस्तु, चिजविज, व्यक्ति आदिबारे तथ्य ज्ञान प्राप्त गर्नुलाई वैद्धिक पक्षको विकास भएको मानिन्छ । यस्तो वातावरणसँग सम्बन्धित सम्पूर्ण क्रियाकलाप संचालन गर्न नसकेको भए पनि आंशिक रुपमा भने उपयोग गर्ने गरेको पाइयो ।

### ४.३.८.३ सामाजिक पक्ष

बालबालिकाहरूलाई समूहमा मिलेर बस्न सामूहिक कार्य गर्न अनुभव आदन प्रदान गर्न र सामाजिक जीवन यापन गर्न अभिप्रेरित गराउनु नै सामाजिक पक्षको विकास हो । समूहमा मिलेर बस्नको लागि समूहले बालबालिकाहरूलाई स्वीकारेको हुनु पर्दछ । उनीहरूको विकासको लागि वालवालिकामा हुनु पर्ने सीप, मूल्य, मान्यता, क्षमता र दृष्टिकोणहरूको विकास हुनु पर्दछ । उमेर अनुसार यी क्रियाकलापहरू फरक फरक हुन्छन् र सिक्ने क्रम पनि क्रमबद्ध हुन्छ । हर्लकले सामाजिक विकास गर्नुको अर्थ 'सामाजिक परिपक्कता प्राप्त गर्नु हो' भनेका छन् ।

यस अध्ययनको छनोटमा परेका सबै वालविकास केन्द्रहरूले वालवालिकाहरूलाई सामाजिक पक्षको विकास गराउन मिलेर बस्ने, मिलेर खेल्ने चार्डवार्ड वारे छलफल गराउने, एक अर्कालाई सहयोग गराउने सामूयीक गीत गाउन लागनउने, पालो पर्खन लगाउने, अरुले खाँदा खान सिकाउने, सबै मिलेर सरसफाई गर्न लगाउने, गीत, कविता, कथा भन्न लगाउने, आफूभन्दा ठूलाव्यक्तिलाई आदर गर्न लगाउने, आदर गरेर बल्न लगाउने जस्ता किसिमका क्रियाकलापहरू गराउने गरेको पाइयो । पालोपालो गर्दै सामग्रीहरूको प्रयोग गर्ने र पालोपालो गर्दै प्रश्न, उत्तर छलफल कथा कथन नाठक अभिनय जस्ता क्रियाकलापमा भाग लिन लगाएर सामाजिक पक्षको विकास गराउने गरेको पाइयो ।

४.३.८.४ संवेगात्मक पक्ष

संवेग शब्दको अंग्रेजी इमोसान हुन्छ । यो ल्याटिन भाषाको इमोभरबाट विकसित भएको हो । जसको अर्थ चल्नु वा खलबल्याउनु भन्ने हुन्छ । व्यक्तिमा हुने आवेग वा उत्तेजनासँग सम्बन्धित पक्ष नै संवेग हो । उडवर्थले भनेको अनुसार 'संवेग शब्दले कुनै पनि प्राणीको गतिशिल अवस्थालाई जनाउँछ ।

त्यसरी नै क्रो एण्ड क्रोको अनुसार 'संवेग भनेको भावनात्मक अनुभव हो, जुन अनुभवले मानसिलाई मानसिक र मनोवैज्ञानिक गति प्रदान गर्न सक्दछ । यो मानसिक गतिशीलता मानिसको बाह्य व्यवहारमा देखा पर्दछ ।

खिम्वाल योंगको अनुसार 'संवेग भन्नाले कुनै पनि जीव आत्मामा उत्पन्न हुने एउटा मनोवैज्ञानिक अवस्था हो ।' वाल विकास केन्द्रका वालवालिकाहरूसँग सम्बन्धित संवेग भन्नाले उनीहरूमा ऋृण डर उत्सुकता डाहा दुःख, हर्ष चिन्ता माया उत्तेजना आदि उत्पन्न हुनु हो । यस्ता संवेगहरूलाई आवश्यकता अनुसार प्रष्फुटन गर्नु र नियन्त्रण गर्न सक्नुलाई संवेगात्मक विकास भनिन्छ । संवेगात्मक विकास गर्नका लागि वालवालिकाहरूलाई कथा, नाटक, प्रतिक्राया व्यक्त गर्ने, अभिनय गर्ने, संवेग झल्काउने चित्रका आकृतिहरूको व्याख्या गर्ने र नक्कल गर्न लगाउने रिस, डर, माया जस्ता व्यवहारलाई प्रदर्शन गर्न तथा नक्कल गर्न लगाउने जस्ता क्रियाकलापहरू गराउने गरेको पाइयो । सबै वालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरूले कुराकानी, शोधपुच्छ छलफल, खेलविधिहरू प्रयोग गर्ने गरेको पाइयो भने प्रर्दशन नाटकीकरण जस्ता विधि कम प्रयोग गर्ने गरेको पाइयो । केही वालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरूले नजिकको संस्कृतिक कार्यक्रममा वालवालिकाहरूलाई अवलोकन गराउन लाने गरेको भन्ने बताएका छन् ।

४.३.९ मूल्याङ्कन प्रणाली

वालविकास केन्द्रमा संचलन गरेका निश्चित समयको क्रियाकलाप पश्चात वालवालिकाहरूले व्यवहारमा के कस्तो परिवर्तन भयो अथवा उनीहरूमा शारीरिक, मानसिक र सामाजिक र संवेगात्मक पक्षहरूमा कुन गतिमा कस्तो परिवर्तन भयो वा भएन भनेर थाहा पाउन अपनाइने प्रक्रिया नै मूल्याङ्कन हो । उनीहरूको मूल्याङ्कन गर्नको लागि कुन कुन साधानहरू प्रयोग गरेका थिए भन्ने बारेमा अध्ययन गर्दा छनोटमा परेका सबै वालविकास

केन्द्रहरूमा वालवालिकाहरूको क्रियाकलापहरू अवलोकन गरी रेकर्ड राख्ने गरेको पाइयो । यसरी नै लिखित र मौखिक परीक्षा लिई उनीहरूको क्षमता अनुसार श्रेणीकरण गर्दै रेकर्ड राख्ने गरेको पाइयो । यसरी  नै वाल विकास केन्द्रले उनीहरूको व्यवहारको अवलोकन गर्ने गरेको र त्यसको आधारमा परीक्षा फल प्रकाशन गर्ने गरेको पाइयो ।

समग्रमा मूल्याङ्कन क्रियाकलाप व्यावहारमा आएको परिवर्तन, पर्ढा लेखाईको सीप आदिको मूल्याङ्कन र रेकर्ड गर्दै नतिजा प्रकाशित गर्ने गरेको पाइयो ।

## ४.४ वाल विकास कार्यक्रम संचालनमा देखापरेका समस्या

विष्ट (२०५०) ले अनौपचारिक शिक्षा सीप उन्मुख, व्यवहारिीक, वातावरण प्रधान तथा समय सापेक्ष हुन्छ भनी उल्लेख गरेका छन् । सीप उन्मुख र व्यवहारीक बनाउन प्रयोगात्मक रुपमा कक्षा संचालन गर्नु पर्ने हुन्छ । आवश्यक भौतिक तथा शैक्षिक सामग्रीको अभावमा प्रयोगात्मक र खेल प्रधान नभई शैदान्तिक रुपमा कक्षा संचालन भएको पाइन्छ । वालवालिकाहरूमा सामाजिक वैद्धिक शारीरिक र संवेगात्मक पक्षहरूको विकासगरी राष्ट्रका निमित भविष्यमा कर्णधार बन्ने वालवालिकाहरूको हकहित एव. अधिकारको संरक्षण र सम्बर्धन गर्ने तथा वातावरणसँग सामञ्जस्य कायम गर्दै बाच्नका लागि सामाजिक रूपमा घुलमिल हुने आधारभूत सीपको विकास गर्ने उद्देश्य अनुरुपका पाठ्यक्रमहरू तयार भएपनि नीति अनुरुप कार्यान्वयन पक्ष त्यति सवल भएको पाइँदैन । विभिन्न समस्याहरूसँग सघर्ष गर्दै भएपनि संखुवा सभा जिल्ला चैनपुर स्रोत केन्द्र अन्तरगतका वालविकास केन्द्रहरू संचालन नभई रहेको नै पाइयो । स्थलगत अध्ययनका क्रममा बालविकास केन्द्रहरूको भौतिक, शैक्षिक तथा प्रशासनिक पक्षहरूको अवस्था बुझ्न व्यवस्थापन समितिका अध्यक्षसँग अन्तरवार्ता, अभिावकहरूसँग छलफल, सहयोगी कार्यकर्ताहरूसाग प्रश्नावली, स्रोतव्यक्ति तथा प्रधानाध्यापकहरू प्रश्नावली र केन्द्र र कक्षाका लागि अवलोकन फारमबाट प्राप्त सूचनाका आधारमा केन्द्रमा देखिएका समस्याहरूलाई यहाँ प्रस्तुत गरिएको छ ।

### ४.४.१ भौतिक व्यवस्थापन सम्बन्धी समस्या

क) यस अध्ययनको छनौटमा परेका वाल विकास केन्द्रमा भवनहरू ढुगोमाटोको गाह्रो र कर्कट पाताको छानो भएका पक्की भवनहरू छन् । ती भवनमा भएका कक्षाकोठाह लिउन प्लाष्टर नगरीएको र भूईमा ढलाई नभएका कक्षाकोठाहरू छन । कक्षाकोठाहरूको आकार पनि

विद्यार्थीसख्या अनुसारका छैनन् । कक्षाकोठामा राखिएको झ्याल ढोकाहरू टुटफुट भएर खोल्न र बन्दगर्नै नपर्ने भैसकेका छन् । कतिपय कक्षाकोठाको आकार सानो हुनु, लिउन प्लाष्टर राम्रो नहुनु, झ्याल ढोकाको अवस्था नाजक हुनुले विद्यालय भनवनको अवस्था कमजोर र अनाकर्ष हुँदैहुदे पनि कक्षा संचालन भई रहेको अवस्था छ ।

ख) वाल विकास केन्द्रमा उमेर अनुसारका पर्याप्त मात्रामा बस्ने फर्निचरहरू र सरसमान व्यवस्थित गर्न अन्य फर्निचरहरूको अभावमा वस्नका लागि गुन्द्री, पिरा, कार्पेटहरू प्रयोग भई रहेका छन् भने अन्य सामग्रीहरू पुराना तथा विग्रेका भाँचिएका दराज तथा बाकसहरूमा राखेर हिफजात गर्ने गरेको छ । आवश्यकता अनुसारको फर्निचर कालो, सेतो पाटी दराज आदि नभएकोमा सहयोगी कार्यकर्ताहरू समस्या भएको गुनासो गर्दछन् ।

ग) छनोटमा परेका सबै वाल विकास केन्द्रहरूमा पानीको व्यवस्था भएर पनि पानीको स्रोतबाट पानी प्राप्त हुन्छ भनेर भर पर्न हुने अवस्था छैन । कीन की पानी कहिले स्रोतबाट नै आउँदैन कहिले वीचबाटैमा विग्रन्छ । सबै केन्द्रहरूमा नियमित रुपमा पिउने पानीको भरपर्दो पना भएको पाइदैन । विद्यालय वा केन्द्रमा पानी आएमा पनि पानीको अवस्था धमिलो दुर्गन्ध आउने आदि कारणबाट राम्रो हुदैन । यस्तो कमजोर अवस्थाको पानीलाई शुद्ध गर्ने, छान्ने कुनै अर्को विधि प्रयोग गर्ने गरेको भर पनर्दे आधार भेटिएन । ६ वटा केन्द्र मध्ये दुई वटा केन्द्रमा पानी छान्ने फिल्टर भएको पाइयो । त्यो पनि प्रयोग हिन र अपर्याप्त मात्रामा यसरी पर्याप्त र शुद्ध पिउने पानीको व्यवस्था नहुनु वालवालिकाहरू आफै धाएर वा बोतलमा पानी ल्याएर व्यवस्था गर्नुलाई वाल विकास केन्द्रमा देखिएको पिउने पानीको समस्याका रुपमा लिन सकिन्छ ।

घ) विद्यालयमा वालविकास केन्द्र सयुक्त रुपमा संचालन भई रहेका छन् । विद्यालयको आफैन जग्गा र भवन भएर पनि खेल मैदान प्रार्याप्त भएको पाइदैन । कतिपय विद्यालयहरूको खेल मैदान भवन निर्माण गर्दा नै सँधुरो भइसकेको देखिन्छ । भइरहेको खेलमैदानहरू पनि उमेर वा तह अनुसारका खेलहरू खेल्न पालो कुर्नु पर्ने र अपर्याप्त आकारका छन् । कतिपय खेलमैदानहरू घेरावारा नभएको अवस्थामा भएकाले खेल खेल्न डराउनु पर्ने अवस्था देखिन्छ । कतिपय खेलमैदानहरू हिउँदमा धुलो र वर्षमा हिलो भई खेल्न योग्य हुदैनन । खेल मैदानहरू भिरालो र खाल्डा खुल्डी समेत भएकाले खेल्न योग्य नभएको अवस्था पनि देखिएको छ ।

यसरी खेलमैदानसँग विभिन्न प्रकारका समस्याहरू रहनु र आवश्यक समयमा चाहेजस्तो खेल खेल्न वालवालिकाहरूलाई असहज हुनाले खेलमैदान सम्बन्धि पनि एक समस्याको रुपमा रहेको छ ।

ङ) वालविकास केन्द्रहरूमा शैचालयको व्यवस्था भएको पाइन्छ । तापनि शैचालयलाई उपयुक्त तरिकाले प्रयोग गर्ने भने देखिदैन । केही वालविकास कैन्द्रहरूमा पानीको अभाव भई शैचालयको प्रयोग राम्ररी हुन सकेको छैन भने प्रयोग भई रहेका केन्द्रका शैचालयहरू पनि सरसफाइको कमीको कारण दुर्गन्ध युक्त र प्रदुषित छन् । नियमति सरसफाइ र दुर्गन्ध हटाउने उपचार गरिएको अवस्थामा छैनन् । यसरी शैचालय भएर पनि तिनीहरूको प्रयोग परिचालनको उपयुक्त व्यवस्था नहुनु समस्या कै रुपमा रहेको पाइन्छ ।

४.४.२ शैक्षिक सामग्री सम्बन्धी समस्या

शैक्षिक सामग्रीको अभावमा प्रयोग प्रदर्शन तथा उपयुक्त ज्ञान, प्रदान गर्न सकिदैन । शैक्षिक सामग्रीको राम्रो व्यवस्था भएन भने पाठ्यक्रमले राखेका उद्देश्यहरू पुरा हुदैनन । त्यसर्थ अध्ययन गरिएका वालविकास केन्द्रहरूमा अपर्याप्त शैक्षिक सामग्रीको कारण विद्यार्थीहरूको सिकाइमा व्यवधान आएको तर्क सहयोगी कार्यकर्ताको गुनासो रहेको छ । वालवालिकाहरू खेलमा रमाउने हुँदा जुनसुकै कुरालाई पनि खेल सामग्री र विधि प्रयोग गरेर सिकाउन सहज हुन्छ भने खेलवाट शारिरीक पक्षको विकास गराउन पनि उपयोगी हुन्छ ।

सप्तरी जिल्ला पातो स्रोतकेन्द्र अन्तर्गत छनोट गरिएका ५ वटा केन्द्रहरूमा पनि प्रयाः सबै केन्द्रहरूमा पर्याप्त खेल सामग्री छैनन् । केन्द्रमा भएका सामगीहरू पनि विद्यार्थीसंख्याको तुलनामा कम रहेका छन् । श्रव्य, दृष्य सामग्री सबै केन्द्रमा छैनन । सबै केन्द्रहरूमा वर्ण चार्ट, संख्या चार्ट, क्रम चार्ट, चित्रहरू, तस्विरहरू, काठका र वासका ब्लगहरू टिनका बट्टाहरू मादल, सिठी, डोरी, ऐना, रुपमाल, काइयो, रंगीन कागज, गुडिया, केही पुस्तकहरू पाठ्यक्रम तथा निर्देशिकाहरू तालिम पुस्तिकाहरू आदि रहेका छन् भने केही केन्द्रहरूमा यी उल्लेख भएका सामग्रीहरू पनि केही कम मात्रामा मात्र शैक्षिक सामग्रीहरू यति हुँदाहुदै पनि पाठ्यक्रमको उद्देश्य पुरा गर्न थप सामग्री आवश्यक पर्ने कुरामा सहयोगी कार्यकर्ता, स्रोतव्यक्ति र अभिभावकहरूको एउटै मत रहेको छ ।

यसरी पाठ्यक्रमको उद्देश्य हाँसिल गराउनका लागि उपयुक्त शैक्षिक सामग्रीहरू बालविकास केन्द्रमा उपलब्ध नहुनुलाई समस्याको रुपमा लिइएको छ । यी सामग्रीहरूको अभावमा सिकाइ क्रियाकलाप प्रभावित भएको छ ।

४.४.३ सहयोगी कार्यकर्ता सम्बन्धी समस्या

वालविकास केन्द्रमा १ जनामात्र सहयोगी कार्यकर्ता कार्यरत रहेका छन् । एक जनाले मात्र वालवालिकाहरूको स्याहार सुसार गर्न कठिन भएको साथै कहिलेकाही विरामी पर्ने केन्द्रको काममा वाहिर जानु पर्ने र तालिम गोष्ठिमा जाँदा पुरै केन्द्र बन्द गर्नु पर्ने स्थिति हुन्छ ।

सहयोगी कार्यकर्ता भर्खर एस.एल.सी. पास गरेका र अनुभव नभएको अवस्थामा नै नियुक्ति हुने हुँदा उनीहरूमा पूर्ण ज्ञान नभएको पाइन्छ । उनीहरूमा कतिपय ज्ञानको कमी हुन्छ र सो अध्ययन सामग्रीको ज्ञानको आवश्कयता महसुस गर्दछन् । तालिमको नाममा सबैले जम्मा ३ हप्ते परीचयात्मक तथा सामग्री निर्माण सम्बन्धि परीक्षण कार्यक्रममा सहभागि हुने अवसर पाएका छन् । तर लामो समयको पूर्णकालिन तालिमको अवसर प्राप्त गर्न सकेको छैनन् । तालिमको अभावमा वालवालिकाहरूको मनोविज्ञान बुझ्रेर उपयुक्त विधि र सामग्रीको प्रयोग गरी वालवालिकाहरूलाई आवश्यक क्रियाकलापमा सहभागि गराउन समस्या भएको सहयोगी कार्यकर्ताको धारणा छ ।

सहयोगी कार्यकर्ताले केन्द्रमा काम गरे वापत प्रत्येकलाई सरकारले मासिक रु ३०००।-को व्यवस्था गरेको छ । यो पारिश्रमीक न्यून भई सहयोगी कार्यकर्ताले गुनासो राख्ने गरेकोले अभिभावक, विद्यालय तथा स्थानीय संस्थाहरूबाट रकम थप गरिदिने गरेको पनि पाइयो र थप रकम सँगै थप जिम्मेवारी दिएर थप समयसम्म काम गर्नु पर्ने भएको समेत पाइयो । अध्ययन गरिएका केन्द्रहरूमा कम्तिमा रु ३०००।- र बढीमा रु ५५००।- सम्म पारिश्रमिक पाउने गरेको पाइयो । सबै जसो सहयोगी कार्यकर्ताहरू आ-आफ्नो पारिश्रमिकमा सन्तुष्ट भएका छैनन् । दैनिक रुपमा चार पाँच घण्टा काम गरेर पनि दुई छाक धान्न नपुग्ने पारिश्रमिक प्राप्त गर्ने सहयोगी कार्यकर्ताहरू निरास देखिन्छन् । पारिश्रमिक कम भएको कारण घरमा रहदा र केन्द्रमा गएर आवश्यक शैक्षिक सामग्रीको निर्माण, संकलन र व्यवस्थापन गरेर आवश्यक ज्ञान प्राप्त गर्ने र प्रधान गर्ने जस्ता काममा असमर्थ भएको स्वीकार गर्दछन् । यसरी प्रमुख निर्वाह गर्ने सहयोगी कार्यकर्ता नै निराश भएपछि वालविकास केन्द्रको क्रियाकलाप पनि प्रभाववित भएको देखिन्छ ।

### ४.४.४ व्यवस्थापकीय समस्या

वालविकास केन्द्र सञ्चालनको लागि गठन भएका व्यवस्थनपन समितिका अध्यक्ष लगायत पदाधिकारीहरूको शैक्षिक योग्यता न्यून रहेको छ । उनीहरूमा वालविकास केन्द्र सञ्चालनको अनुभव पनि एकदुई वर्षको मात्र छ। उनीहरूलाई कुनै पनि संघ संस्थाले आवश्यक तालिमको व्यवस्था गरेको पाइदैन । उनीहरूमा स्थानीय स्रोतसाधानहरूलाई परिचालन गरेर वालविकास केन्द्रमा भौतिक व्यवस्था तथा खेल र शैक्षिक सामग्री आपूर्ति, आर्थिक क्षेत्रका स्रोतहरूको पहिचान गर्ने र व्यवस्थापन गर्ने जस्ता ज्ञानको कमी छ। जे जस्तो ज्ञान भए पनि स्थानीय स्रोत साधानहरूलाई प्रयोग गर्ने क्षमताको अभावको कारणले केन्द्रको व्यवस्थापकिय पक्ष कमजोर भएको पाइन्छ । यसको साथै सरकार, सरकारी तथा गौह्र सरकारी संघ संस्था, व्यवस्थापन समिति र अभिभावकहरूको एक आपसमा समभ्रूदारीको अभाव छ । समझदारी समन्वयन भएको भए पनि कार्यान्वयन हुन नसकेको कुरा व्यवस्थापन समिति स्वीकार गर्दछन् । नियमित रुपमा व्यवस्थापन समितिको वैठक बस्न नसकेको कारणले भौतिक, आर्थिक तथा शैक्षिक अवस्थामा सुधार ल्याई आशा अनुसारको प्रतिफल प्राप्त हुन सकी रहेको छैन ।

### ४.४.५ निरीक्षण र मूल्याङकन सम्बन्धी समस्या

सहयोगी कार्यकर्ताहरूको अनुसार कक्षा संचालनको क्रममा सुपरिवेक्षक वार्षिक रुपमा एक पटक प्रमाण पत्र वितरण गर्ने अवसरमा मात्र आएको र उपयुक्त सल्लाह र सुझाव नदिइ कन फर्किएको भन्ने जानकारी प्राप्त भयो । विद्यालय व्यवस्थापन समितिबाट पनि सुपरिवेक्षण र निरीक्षण वर्षमा १ पटकमा मात्र हुने गरेको जानकारी पाइयो । विद्यालयका प्र.अ.बाट भने महिनामा एक पटक सुपरिवेक्षण तथा निरीक्षण हुने गरेको जानकारी पाइयो । यसरी सम्बन्धित सुपरिवेक्षकहरूबाट समयमा सुपरीवेक्षण तथा निरीक्षण नहुनुले समस्या उत्पन्न भएको छ । निरीक्षणबाट भौतिक अवस्था, शैक्षिक अवस्था, स्रोत साधनहरूको परिचालनको अवस्था, वालवालिकाहरूको लक्षित उपलब्धिको अवस्था, सहयोगी कार्यकर्ताको नियमित क्रियाकलापको अवस्था अभिभावकहरूको विद्यार्थीहरूलाई नियमित गरिदिने अवस्था, क्रियाकलाप सञ्चालनमा देखा परेका चुनैतिहरूको अवस्था आदि के कस्तो छ ?, तिनीहरूलाई सुझाउन के कसरी सकिन्छ ? भन्ने विषयमा सम्बन्धित सहयोगी कार्यकर्ता, व्यवस्थापन समिति अभिभावकहरू निरीक्षक, जिल्ला शिक्षा कार्यलय वा स्रोतव्यक्तिको कार्यलय र सरकारी तथा गैह्र सरकारी निकायहरू वीच

समन्वनय गरी सही मूल्याङ्कन तथा अनुगमन समयमा हुन नसक्नु समस्या भएको छ । यसले गर्दा समस्या समाधान गर्न सकिने समस्याहरू समेत समाधान हुन सकेका छैनन् ।

४.४.६ स्थानीय स्रोत परिचालन र अन्य समस्या

अवलोकनको क्रममा सानासाना समस्या सुल्झाउन पनि आर्थिक सहयोगका लागि पनि माथिल्लो निकायको मुख ताक्नु पर्ने पद्धतिको विकास भएको पाइएको छ । समस्या समाधानको लागि स्थानीय स्रोत साधानको प्रयोग पर्याप्त भएको पाइएन यस अध्ययनको छनोटमा परेका केन्द्रहरूमा पौष्टिक आहाराको व्यवस्था गर्न सकिएको छैन । वालविकास केन्द्रहरूमा आउने वालावालिकाहरू खाजाको लागि घरवाटै चिउरा विष्टकुट, चाउचाउ, भुजिया जस्ता कम पोषण युक्त खानेकुराहरू ल्याउने गरेका छन् भने निम्न पारीवारिक अवस्था भएका वालवालिकाहरू खाजा वेगार नै आएर भोकै वस्नु परेको अवस्था पनि छ । धेरै जसो वालवालिकाहरू पोषण युक्त खानाको अभावमा रिष्ट पुष्ट र स्वस्थ हुन सकेका छैनन् । खाजा र खानाको कमी भएको कारणले वालविकास केन्द्रमा आउने वालवालिकाहरूलाई क्रियाकलापमा सक्रिय रुपमा सहभागि गराउन कठिनाइ भएको सहयोगी कार्यकर्ताहरू बताउँछन् । वालवालिकाहरूको नियमित स्वास्थ्य परिक्षण गर्नुमा यस अध्ययनको क्षेत्र भित्रका सबै वालविकास केन्द्रहरूमा नियमित स्वास्थ्य परीक्षण भएको पाइएन । वालविकास केन्द्रहरूमा प्राथमिक उपचारका सामग्रीहरू नभएकोले सामान्य विरामी वा चोटपटक लागेमा पनि सहयोगी कार्यकर्ताले केन्द्र नै बन्द गरेर घर वा अस्पताल पुऱ्याउनु पर्ने बाध्यता रहेको अभावकहरू र सहयोगी कार्यकर्ताहरू बताउँछन् ।

४.५ वाल विकास केन्द्रहरू संचालनमा देखा परेका समस्या समााधानका उपायहरू

वि.स. २०५८ साल देखि सुरुआत भई सञ्चालमा रहेका वालविकास केन्द्रहरूमा देखा परेका समस्याहरू धेरै छन् । यी समस्याहरूको बाबजुत पनि वालविकास केन्द्रहरू सञ्चालन भई रहेको अवस्था छ । उदेश्य अनुसार पूर्ण प्रतिफल प्राप्त गर्न सकेको अवस्था छैन । वालविकास केन्द्रहरूमा देखिएका समस्याहरूलाई हटाएर शुलभ, नियमित र प्रभावकारी रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्ने आवश्यकता देखिन्छ । वालविकास केन्द्रहरूलाई सरल, सहज, वैज्ञानिकतालाई ध्यानमा राखी अध्ययनको क्रममा स्रोतव्यक्ति अभिभावक, व्यवस्थापन समितिका अध्यक्ष, सहयोगी कार्यकर्ता, प्र.अ. र विद्यार्थीहरूको समेतको विचारवाट समस्या समाधानको लागि निम्न उपायहरू अवलम्बन गर्नु पर्ने देखिएको छ ।

### ४.५.१ भौतिक सुविधाको उचित व्यवस्था

नेपालका ४० प्रतिशत भन्दा बढी मानिसहरू गरीविको रेखामुनी रहेको तथ्य र हाल संचालन भई रहेका वालविकास केन्द्रहरूको स्थितिलाई दाजेर हेर्दा केन्द्रहरूको भौतिक सुविधा अत्यात कमजोर रहेको छ किनभने हुनेखाने आथिृक रुपमा सम्पन्न व्यक्तिका छोराछोरी सुविधा सम्पन्न बोर्डिङ स्कुलहरूमा नर्सरी कक्षा देखि नै प्रवेश गराउने गरेका छन् । गरीब, अशिक्षत र पिछडीएका जनजाति आदि व्यक्तिका छोराछोरीहरू दयनीय अवस्थामा वालविकास केन्द्रहरूमा प्रवेश गरी अध्ययन गर्ने गरेका छन् । तसर्थ वालविकास केन्द्रमा सवल ध्यान पुग्न नसकि दयनीय अवस्था छ । भौतिक अवस्थालाई सुदृढ बनाउन समुदायमा चेतना बढाउने कार्यक्रम सञ्चालन गरी केन्द्रप्रति उत्तरदायि बनाउँदै स्थानीय स्रोत साधानहरूलाई प्रयोग परिचालनको राम्रो व्यवस्था गर्नु पर्ने हुन्छ । यतिले मात्र भौतिक सुविधा सम्पन्न हुन सक्दैन । यसका लागि सामाजको अगुवा व्यक्तिहरू र राजनितिक नेताहरूले स्थानीय साधानहरूको प्रयोग गरिचालन गराउनुको साथै स्थानीय सरकार र गैह्र सरकारी संघ संस्थाहरूको समेत ध्यान आकर्ष गराई केन्द्रको लागानीमा वृद्धि गर्नु पर्दछ । सम्भव भएसम्म अभिभावकहरूलाई सहयोग गर्न अभिप्रेरित गर्नु पर्दछ । सबै टोल वासी सामुदायिक संघ संस्थाहरू, क्लवहरू समेत मिलेर बालविकास केन्द्रमा अभाव भई रहेको भौतिक अवस्थालाई सुदृढ बनाउन सक्ने देखिन्छ ।

### ४.५.२ शैक्षिक सामग्रीको उचित व्यवस्था

बालबालिकाहरूको उमेर खेलौनासँग खेल्ने उमेर हो । यस उमेरका बालबालिकाहरू खेलैनासँग खेलेर धेरै ज्ञान प्राप्त गर्न सक्दछन् । यस उमेरका बालबालिकाहरूलाई क्रियाकलाप गर्न लगाएर सिप सिकाउनु प्रभावकारी हुन्छ । फ्रोवेलको 'गर र सिक' विधिमा आधारित सिकाइ प्रभवकारी हुन्छ  । यसरी नै मण्टेश्वरीले ज्ञानेन्द्रियहरूका प्रशिक्षणबाट बालबालिकाहरूको उचित विकास हुछ भनेको छ । यसरी खेलैनाबाट सिकाउन तथा ज्ञनेन्द्रीयहरूको उचित प्रशिक्षणको लागि वालविकास केन्द्रमा पर्याप्त मात्रमा खेलौनाहरू र शैक्षिक सामग्रीहरू हुन जरुरी हुन्छ तर हाम्रो वालविकास केन्द्रहरूमा त्यस्ता खेलैना खेलसामग्रीहरू र शैक्षिक सामग्रीहरूको उचित व्यवस्था हुन सकेको छैन् । यसका लागि स्थानीय स्रोतबाट उपलब्ध हुने सामग्रीहरूको निर्माण गर्न आवश्यक तालिम दिनु पर्ने देखिन्छ । मूल्यवान सामग्री खरीद गर्नको लागि अभिभावकहरूसँग रकम संकलन गर्ने र सरकारी तथा गैह्र सरकारी निकायहरूसँग अनुरोध गरेर खरिद गराउन सकिन्छ । सरकारले पनि वालविकास केन्द्रका लागि शैक्षिक सामग्री वापत अनुदान रकम दिने र

वृद्धि गरिदिने गरेर शैक्षिक सामग्रीहरू खरिद गरिदिने वा खरिद गर्न लागाउने निति अवलम्वन गर्नु पर्ने जरुरी देखिन्छ ।

४.५.३ तालिमको व्यवस्था

वालविकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्तालाई बालबालिकाहरूको स्याहार सुधार गर्ने तरिका खेलाउने तरिका शिक्षण विधि सामग्री निर्माण र संलकन गर्ने विधि प्राप्त सामग्रीहरूलाई प्रभावकारी रुपमा प्रयोग गर्ने विधि आदिको समम्बन्धमा पूर्णकालिन तालिम प्रदान गरेर संक्षम बनाउन सकिन्छ । यसरी नै वालविकास केन्द्रको व्यवस्थापन समितिका अध्यक्ष लगायत पदाधिकारीहरूलाई व्यवस्थापन सम्बन्धि तालिम, गोष्ठि, सेमिनार आदिमा नेपाल सरकारले सहभागी गराउनु पर्दछ । यसो भयो भने उनीहरू वालबालिकाहरूको विकासको लागि वालविकास केन्द्रको समस्याहरू समाधान गर्न अग्रह सर हुन्छन् र केन्द्र प्रति जिम्मेवार भएर कार्य गर्न सक्दछन् । वालविकास केन्द्रसँग सम्बन्धित अधिकार वा कतर्व्यलाई पालना गर्न र गराउन सक्दछन् ।

सहयोगी कार्यकर्ता र व्यावस्थापन समितिलाई तालिम दिएर मात्र पुग्दैन वालविकास केन्द्रमा सबैभन्दा बढी चाँसो राख्ने पक्ष अभिभावक हो । अभिभावकहरूलाई समय समयमा आफ्ना बालबालिकाहरूको स्वास्थ्य, सरसफाइ, पौष्टिक आहारा, लगाइखुवाई, सामग्रीको व्यवस्थापन तथा बन्दोबस्ती आदिको सम्बन्धमा अन्तरक्रिया तथा तालिमको व्यवस्थ गर्नु पर्दछ । आफ्ना बालबालिकाहरू के कसरी सिकी रहेको छन् ? उनीहरूको विकासको क्रम कस्तो छ ? उनीहरूको थप सुधार गर्नु पर्ने पक्षहरू के के छन् ? वालविकास केन्द्रको अवस्था के कस्तो छ ? आदि विषयहरूमा अभिभावकहरूले जानकरी प्राप्त गरेर आवश्यक कदम चाल्न सक्दछन् । यसरी सहयोगी कार्यकर्ता, व्यवस्थाप समिति र अभिभावकहरूलाई तालिम, अन्तरक्रिया तथा सेमिनार आदिमा सहभागी गराएर वालविकास केन्द्रको विकासमा सहयोग पुग्न सक्दछ ।

४.५.४ सहयोगी कार्यकर्ताको दरबन्दी तथा सुविधा वृद्धि

सप्तरी जिल्ला पातो स्रोतकेन्द्र अन्तर्गत अध्ययन गरिएका ५ वटै वालविकास केन्द्रमा १/१ जना सहयोगी कार्यकर्ताहरू कर्यरत रहेको पाइयो । एउटा कार्यलयमा कम्तिमा १२ जना र बढीमा २४ जना बालबालिकाहरू हुने गरेकोले १ जना मात्र सहयोगी कार्यकर्ताले वालवालिकाहरूको रेखदेख, स्याहार सुसार र क्रियाकलाप सञ्चालन गर्न असजिलो भएको छ ।

विरामी भएर केन्द्रमा जान नसक्दा होस वा आकष्मिक काम परेर बाहिर जानु परेको बखत होस् केन्द्रहरू बन्दनै गर्नु पर्ने अवस्था छ । यसका लागि थप वैकल्पिक सहयोगी कार्यकर्ताको व्यवस्था मिलाउनु पर्ने देखिन्छ । सरकारको तर्फबाट सहयोगी कार्यकर्तालाई प्रतिमहिना रु ३०००।- मात्र पारिश्रमिक दिने हालको व्यवस्थाबाट भएको प्राप्त पारिश्रमीकबाट विहान वेलुका छाक टार्न पनि पुगि रहेको छैन । यसको अलवा आवास र अन्य घर खर्च तथा बालबालिकाहरूको शिक्षा औषधी उपचार आदि सम्बन्धमात कुरा गर्ने परेन यसर्थ उनीहरूको मेहनत र समयलाई ख्याल गर्दै प्रत्येक वालविकास केन्द्रमा २ जना सहयोगी कार्यकर्ताको व्यवसथा गरी उनीहरू पारिश्रमीक पनि कम्तिमा प्राथामिक शिक्षक सरह प्रदान गरी सेवा, सर्त र सुविधाको ग्यारेन्टी गरी मनोवैज्ञानिक रुपमा कार्यप्रति जिम्मेवारी बोध गराउँदै कार्य सम्पादन गराउनु पर्ने देखिन्छ ।

### ४.५.५ स्वास्थ्य परीक्षण तथा पौष्टिक आहाराको व्यवस्था

वालवालिकाहरूको चौतर्फि विकास हुनको लागि उनसको स्वास्थ्य मजबुत हुनु पर्दछ । अस्वस्थ्य वालबालिकाले आशा गरे अनुरुपको क्रियाकलापमा सफलता प्राप्त गर्न सक्दैन । उनीहरूको स्वास्थ्य स्थिति थाहा पाउन हप्ता वा महिनामा एक पटक नजिकको स्वास्थ्य केन्द्रहरूबाट स्वास्थ्य परिक्षण गर्ने व्यवस्था गराउन सकिन्छ । प्राथमिक उपचार सम्बन्धि तालिम र सामग्रीको व्यवस्था गरिदिएर सहयोगी कार्यकर्ताबाट नै सामान्य उपचार गराउन सकिन्छ । वालवालिकाहरू चाँडै भोकाउने गर्दछन् । पर्याप्त खेलहरू खेल्ने र चन्चले पनि हुने भएकोले चाँडै थाक्दछन् । उनीहरूलाई वालविकास केन्द्रमा नै आवश्यक समयमा पौष्टिक आहारा र आराम गर्ने विस्तरको व्यवस्था समेत व्यवस्था गर्न सकेमा उपस्थितिको नियमितता हुने थियो र शिक्षण क्रियाकलाप नि सफल र प्रभावकारी हुने थियो । यस कारण नेपाल सरकार तथा दाता संस्थाहरूसँग समन्वयन गरी पोषण युक्त आहारा र आरम कक्षको व्यवस्था प्रत्येक वालविकास केन्द्रहरूमा मिलाउन आवश्यक भएको देखिन्छ ।

### ४.५.६ सरकारी नीति तथा लगानीमा वृद्धि

वालविकास केन्द्रमा सरकारले हालको समय गरि रहेको लगानी अत्यान्त न्यून देखिएको छ । सरकारले नीति निर्माण गरेर मात्र पुग्दैन, जसको सवल कार्यान्वयनको लागि आवश्यक रकम लागानी गरी खर्च गर्ने व्यवस्था पनि गर्नु पर्दछ । सेलोस्की र टेलर (१९७३) का अनुसार

'सरकारले प्रारम्भिक वालविकास कार्यक्रममा खर्च गर्नु अबोभ बालबालिकाको लागि दानको रुपमा नहेरी समाजको भाविष्यको लागि आर्थिक लगानीको रुपमा हेर्नु पर्दछ ।'

जोशी (२०५४)का अनुसार 'बालबालिकाहरूलाई वगैचाको विरुवासँग तुलाना गर्ने हो भने लगानीलाई मलजलको रुपमा हेर्नु पर्दछ' भनेका छन् । वालबालिकाहरूो चौतर्फी विकासकोलागि बाल विकास कार्यक्रमलाई औपचारीक वा अनौपचारिक के भित्र राख्नु पर्ने हो गहन अध्यनय गरी प्रष्ट नीति हुनु पर्दछ । यो कार्यक्रम राष्ट्र व्यापी हुने वा निश्चित समूह वा वर्गसँगमा सम्बन्धित हुने हो प्रष्ट गर्दै लागनीमा वृद्धि गर्नु पर्ने देखिन्छ । लागनी वृद्धिका साथ साथै लागनी अनुसार प्रतिफल के कस्तो प्राप्त भई रहेका छ । सो सम्बन्धमा निरीक्षण नियन्त्रण र सुपरीवेक्षण गरी प्रतिफल र क्रियाकलापको आधारमा पुरस्कार र दण्डको व्यवस्था समेत गर्न सकेमा वालविकास कार्यक्रम बढी प्रभावकारी हुने कुरामा दुई मत हुदैन ।

## परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझाव

### ५.१ प्राप्ति

सप्तरी जिल्ला पातो स्रोतकेन्द्र अन्तरगत सञ्चालित नमुना छनोटमा परेका वालविकास केन्द्रका भवनहरू निजी नभएको विद्यालय व्यवस्था गरेकै भवनमा वालविकास केन्द्रहरू संचालन भएको पाइन्छ । २ वटा बालविकास केन्द्रमा भएका फर्निचरहरू विद्यार्थी अनुपातको तुलनामा कम रहेको पाइयो भने ४ वटा केन्द्रमा प्रर्याप्त रहेको पाइयो । शैक्षिक सामग्री अन्तरगत पाठ्यपक्रम निर्देशिका वाल पुस्तिकाहरू, कालो सेतोपाटी, वर्ण तालिका, क्रमतालिका, शब्द तथा अक्षर पत्ति प्रायः सबै केन्द्रमा पाइयो तर संवेग व्यवाहारका चित्रहरू समूहमिलाप र सरसफाइको चित्रहरू दुईवटा केन्द्रहरूमा मात्र पाइए । वालवालिकाहरूलाई खेल्न पाँचवटा केन्द्रहरूमा कक्षा भित्र र बाहिर प्रर्याप्त स्थान भएको पाइयो । भने एक केन्द्रमा भित्र र बाहिर स्थान साँघुरो भएको पाइयो । बालविकास केन्द्रहरूमा शिक्षक छात्रा र छात्रहरूले प्रयोग गर्ने छुट्टा छुट्टै ढुङ्गा माटो र कर्कट पाताको छाना भएका पक्कि शैचालयहरू पाइयो ।  सबै वालविकास केन्द्रहरूमा पानिको व्यवस्था भएको मध्ये एक केन्द्रमा अस्थायी भएकोले कहिले काही पिउने पानीको अभाव हुने गरेको पाइयो । केन्द्रमा भर्ना भएका वालबालिका मध्ये छात्रहरू ४७.०६ प्रतिशत र छात्राहरू ५२.९७ प्रतिशत रहेको पाइयो । उमेरगत रुपमा ४ वर्षका वालवालिकाहरू सबैभन्दा बढी ४४.५४ प्रतिशत र ५ वर्षका वालवालिकाहरू सबभन्दा कम १३.४४ प्रतिशत रहेको पाइयो ।

जातिगत आधारमा सबभन्दा बढी बालबालिकाहरू २१.०१ प्रतिशत क्षेत्री जातिका पाइयो भने सबभन्दा कम २.५२ प्रतिशत शेपाई जातिको पाइयो । सहयोगी कार्यकर्ताहरू महिला भएको पाइयो । तिनीहरूको कार्य अनुभवमा सबभन्दा बढी ९ वर्षको र एक जना सबैभन्दा कम १ वर्ष भएको पाइयो । सहयोगी कार्यकजताहरू सबैले ३ हप्ते तालिम सेवा प्रवेशसँगै प्राप्त गरेको र एक वर्षको १ पटक पुरताजकी तालिम लिने गरेको पाइयो । उनीहरू मध्ये २ जनाले रु ३०००।- मात्र पारिश्रमिक पाउने गरेको र ४ जनाले केही थप गरी रु ५५०० सम्म पाउने गरेको पाइयो । वालविकास केन्द्रका अभिभचावकहरू मध्ये सबैभन्दा बढी साक्षर ५८.३३ प्रतिशत र सबैभन्दा कम निराक्षर १६.६७ प्रतिशत शैक्षिक योग्यता भएको पाइयो । व्यावस्थापन समितिका अध्यक्षहरू मध्ये सबैभन्दा बढी ७ वर्ष अनुभव गरेको १ जना र सबैभन्दा कम ३ महिना कार्यअनुभव भएको १ जना पाइयो भने ४ जनाले व्यवस्थापन तालिम लिएको र २ जनाले व्यवस्थापन तालिम नलिएको पाइयो । व्यवस्थापन समितिका अध्यक्षहरू मध्ये सबैभन्दा बढी आई.कम र सबैभन्दा कम औपचारीक शिक्षा प्राप्त नभएको साक्षर मात्र शैक्षिक योग्यता भएको पाइयो । छनोटनमा

परेका सबै वालविकास केन्द्रमा बालबालिकाहरूको शारीरिक, वौद्धिक, सामाजिक र संवेगात्मक व्यवहारलाई परिवर्तन गर्ने गरी शिक्षण सिकाइ क्रियाकलाप गर्ने गरेको पाइयो । तर तालिमको अभावमा सबै क्रियाकलाप अपेक्षित रुपमा गराउन नसेको भन्ने पाइयो ।

सबै वाल विकास केन्द्रहरूमा अवलोकन गर्ने र रेकर्ड राख्ने गरेको पाइयो । लिखित र मौखिक परीक्षा लिई रेकर्ड राख्दै श्रणी र स्तर छुट्याउने गरेको पाइयो । यसरी नै निर्देशन पालन अभिनय, नक्कल, प्रक्रिया संकेत आदि अवलोन गरी अभिलेख तयार गर्दै मुल्याकन गरेको पाइयो । बालकालिकाहरुलाई मनोरञ्जनात्मक खेल विधिबाट विद्यालय जाने बानीको विकास गराउन बाल बिकास केन्द्रहरु केही कमी कठिनाईका बाबजुध पनि धेरैहद सम्म सफल भएको पाइयो । बाल विकास केन्द्रले बाल बालिकाहरुमा सानै उमेर देखि विद्यालय जाने बानी बसाल्न सकेको पाइयो भने उनीहरुमा शारीरिक, शैक्षिक सामाजिक र संवेगात्मक व्यवहारमा केही मात्रमा भए पनि सुधार भई बालबिकासका बालिकाहरुका क्रममा पनि सहयोग पुगेको पाइयो । बालविकास केन्द्रको शिक्षा प्राप्त गरीसेको बालबालिकाहरु विद्यालयको प्राथमिक तहमा भर्ना हुने भएको कारणले उनीहरुलाई विद्यालयीय शिक्षा प्रदान गर्न र प्राप्त गर्न सहयोग पुगेको पाइयो । विद्यालयको शिक्षा प्राप्त गर्न र प्रदान गर्न खुल्ला समुदायबाट भर्ना हुन आएका बालबालिकालाई भन्दा सुलभ भएको पाइयो । खुल्ला समुदायबाट आएका बाल बालिकाले भन्दा बाल विकास केन्द्रबाट भर्ना भएका विद्यार्थीहरुमा विभिन्न बानी र सिकाइ अभ्यासको समेत विकास हुने भएकोले चाँडो सिक्ने गरेको पाइयो । यसरी चाँडो सिकाइबाट बच्चाको सिक्ने बानी हुनुको साथै शिक्षकलाई शिक्षण कार्यमा समेत सहयोग पुगेको पाइयो । समग्रमा विद्यालयको सिकाइ उपलब्धिमा बृद्धि गराउन बाल विकास केन्द्रले योगदान गरेको पाइयो ।

विद्यालयमा आधारित बालविकास केन्द्रहरुमा आफ्नै भवन नभएकोमा पर्याप्त फर्निचरहरु नभएकोमा, पर्याप्त शैक्षिक सामग्रीहरु नभएकोमा, पर्याप्त खेल मैदान नभएकोमा उपयुक्त खानेपानीको व्यवस्था नभएकोमा , चर्पी भएर पनि उपयोग हुन नसकेकोमा, सहयोगी कार्यकर्ताको सेवा सुविधाको उपयुक्त व्यवस्था हुन नसकेको आदि कारणहरुले समस्याग्रस्त अवस्थामा जेनतेन सञ्चालन भई रहेको पाइयो ।

बाल विकास केन्द्रलाई राम्ररी संचालन गर्नका लागि छुट्टै भवन, पर्याप्त खेलमैदान तथा फनिर्चरहरु पर्याप्त शैक्षिक तथा खेल सामग्रीहरु उपयुक्त पिउने पानीको व्यवस्था, उपयुक्त

पारिश्रमिकको व्यवस्था, लक्षित समुदाय तथा स्पष्ट सरकारी नीति आदि व्यवस्थित गरिएमा समस्याहरु समाधान हुँदै जाने देखियो ।

## ५.२ निष्कर्ष

देश निर्माणका लागि भविष्यका कर्णधार मानिने बालवालिकाहरुको हक हित एवं अधिकारको संरक्षण र सम्वर्द्धन गर्ने तथा वातावरण संग सामान्यजस्यता कायम गर्दै बाँच्नका लागि सामाजिक रुपमा घुलमिल गर्न सजिलोहोस भन्ने हेतुले बालवालिकाहरु सामाजिक, वौद्धिक, शारीरिक, संवेगात्मक, पक्षको विकासको आधारसिला खडा गर्नका लागि हाल देशका सवै जिल्लामा बालविकास केन्द्रहरु संचालित छन् । यो अध्ययन संग  गासिएका प्राप्त सुचना र तथ्याङ्कको आधारमा निष्कर्षहरुलाई देहाय बमोजिम उल्लेख गरिएको छ ।

अध्ययन गरिएका वालविकास केन्द्रहरु विद्यालयमा आधारित भएकोले आफ्नै भवन नभई विद्यालयकै कोठा प्रयोग गरिएकोले भवनको संरचना झ्यालढोकाको अवस्था आदि हेर्दा बालविकास केन्द्रहरुको भवनको संरचनामा सुधार नभएको देखिन्छ । झ्यालहरुको संख्यामा वृद्धि भएता पनि पल्ला नलगाएका कारण भित्र पानी पसेको देखिन्छ । आर्थिक स्रोतको कमि समुदायको निश्कृयता आदि कारणले विद्यालयमा आधारित बालविकास केन्द्रको भौतिक व्यवस्थापन कमजोर भएको हो ।

बालविकास केन्द्रको खेलमैदान छुट्टै नभएर विद्यालयकै खेलमैदानमा खेलाएकोले बालबालिकाहरु आफ्नै ढंगबाट खेल्न नपाएको भएको खेलमैदानको पनि राम्रो व्यवस्थापन हुन नसकेको देखिन्छ ।

बालवालिकाहरुको लागि स्वच्छ खानेपानी खुवाउनाले विभिन्न किसिमका रोगहरुबाट बचाउन सकिन्छ भन्ने केवल नारामा मात्र सिमित देखिन्छ । कुनैपनि बालविकास केन्द्रहरुमा फिल्टरको व्यवस्था नभएको देखिन्छ । बालविकास केन्द्रहरुको विद्यार्थीको उमेर स्तर अनुसारको वसाई, सिकाई, क्रियाकलाप शैक्षिक सामाग्री आदि व्यवस्थापनमा पछाडि परेको देखिन्छ ।

बालविकास केन्द्रको अध्ययन पश्चात बालबालिकाले उच्च सिकाई तथा विकास गरेको देखिए पनि बालविकास केन्द्रमा खाजा ख्वाउने व्यवस्था नभएकोले बालबालिकाहरु स्वतर्स्फर्त सिकाई गर्न सकिरहेको छैन । बालबालिकाहरुलाई पोषणयुक्त खानाले दर्विलो बनाउनका साथै उनीहरुको मानसिक, संवेगात्मक, भौतिक शारीरिक विकासमा समेत सकरात्मक परिवर्तन ल्याँउछ । अभिभावकहरुले पनि आफ्ना नानीहरु बालविकास केन्द्रमा पठाएर केवल आफ्नो बोझ

मात्र हल्का गरेको जस्तो देखिन्छ । तर त्यसो नगरेर आफ्ना नानीहरुको भविश्य निर्माण गर्न एउटा पहिलो खुटकिलो लाई राम्ररी रेखदेख गर्न जरुरी छ । केवल आफू काममा जानको लागि बच्चा बालविकास केन्द्रमा पठाउने प्रवृतिको अन्त्य गरिनुपर्छ ।

स.का.हरुले तालिमको ज्यादै न्युन अवसर प्राप्त गरेको र निर्देशिकामा उल्लेख भएको भन्दा लामो समयसम्म विद्यालयमा विताउनु पर्ने देखिन्छ । सबै बालविकास केन्द्रहरुमा अभिभावकहरुले प्रयाप्त मात्रामा आर्थिक भौतिक र शैक्षिक व्यावसायमा सहयोग गरेको देखिदैन । त्यसैगरी सम्वन्धित पक्षको मूल्याङ्कन अनुगमनको पाटामा समेत कदम नचालेकै देखिन्छ । अनुगमन निरिक्षणमा केवल भत्ता पाए मात्र जाने प्रवृतिको कारण पनि व्यवस्थापन समितिका अध्यक्षहरु कम मात्र बोल्ने गर्दछन् ।

## ५.३ सुझावहरू

शिक्षा वालकको नैर्सिगक अधिकार हो त्यसैले उनीहरूको शारीरिक, मानसिक सामजिक संवेगात्मक विकासका लागि गुणस्तरीय शिक्षाको आवश्यक पर्दछ । वालवालिकाहरू काँचो माटो भएकोले तिनीहरूलाई सम्वद्ध पक्षले जस्तो वनाउन चायो त्यस्तै वन्दछन् । उनीहरू भविष्यका राष्ट्रका कर्णधार भएकाले गुणस्तरीय शिक्षा प्रदान गर्नु सान्दर्भिक हुन्छ । यो अध्ययनवाट प्राप्तिगरिएका विषयवस्तुका आधारमा निष्कर्ष निकाली विभिन्न तहमा सुझावहरू प्रस्ताव गरिएको  छ । जसवाट सरोकारवाला पक्षहरू लाभान्वित भै आगामी दिनहरूमा यस तर्फ चनाखो बन्नेमा विश्वास गरीएको छ । अत: अध्ययनको क्रममा निम्नासारको सुझावहरू पेस गरिएको छ :

### ५.३.१ नीतिगत तह

अध्ययनको क्रममा यो कार्यक्रम औपचारिकमा औपचारिक को हो र कुन वर्गको वा जातिको लागि यो लक्षित कार्यक्रम हो भन्नेमा स्पष्ट नभएकोले केही समस्याहरू नीतिगत रुपमा पनि भएको देखिन्छ यो समस्यालाई समाधान गर्न उपयुक्त कानुन निर्माण गरी शिक्षा ऐनमा समेत व्यवस्था गर्नु पर्दछ । शिक्षाको जग आधारभूत तह भएकोले बालशिक्षालाई निजी शैक्षिक संस्थाहरूमा अध्यापन गर्ने नर्सरी तह सरह व्यवस्थित गरी अनिवार्य गरिनु पर्दछ । यस कार्यका लागि जनचेतना अभिवृद्धि गरिनु पर्दछ । बालकक्षामा अध्यापन गर्ने स.का. को योग्यता, परिश्रमिक र तालिम प्रभावकारी बन्नु आवश्यक देखिन्छ । यसका साथै कार्यान्वयन पक्षबाट

नियमित अनुगमन गरी आवश्यक पृष्ठपोषण दिनु र नीतिगत तहबाट बाल बिकास केन्द्रलाई प्रभावकारी रुपमा संचालन गर्न गराउन भरपर्दो नीतिगत व्यवस्था गर्न सुझाव गरिन्छ ।

५.३.२ अभ्यास तह

विद्यालयमा भौतिक व्यवस्थालाई सुव्यवस्थित बनाई कक्षालाई बालमत्री बनाउनु आवश्यक रहेको देखिन्छ । शिक्षण गर्दा शैक्षिक सामग्रीको प्रयोग गरी वालकेन्द्रित शिक्षण गर्नु पर्ने देखिन्छ । बालबालिकाहरूलाई नियमित बनाउन शिक्षक, अभिभावक र विद्यार्थीहरू बसी योजना बनाउनु आवश्यक देखिन्छ । सहयोगी कार्यकर्ताको योग्यता कम्तिमा भ्रत्रू हुनुपर्ने, तालिमको व्यवस्था हुनुपर्ने, न्यूनतम तलभ सुविधा रु. १५०००। सम्म कायम गरिनु आवश्यक ठानिएको छ ।

५.३.३ अनुसन्धान तह

वाल विकास केन्द्रबाट शिक्षा पाएका र नपाएका विद्यार्थीहरूको सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन यसमा देखिएका समस्या समाधान गर्न अनुसन्धान कार्य सिद्ध हुने देखिन्छ । तथापी यस अध्ययनले अनुसन्धान कार्य पूर्ण भने हुन सक्दैन यस अनुसन्धानको अध्ययन अन्य धेरै पक्षहरूबाट गर्नु पर्ने देखिन्छ । यस समस्यासँग सम्बन्धित रहेका अन्य धेरै विषयवस्तुहरू पनि हुन्छन् जसमा केही विषयवस्तुहरूमा अनुसन्धान पनि भएको हुन सक्छ । यस अध्ययनमा प्राप्त भएका केही समस्या तथा विषयवस्तुका आधारमा बालविकास केन्द्रबाट शिक्षा लिएका र नलिएका बालबालिकाहरूको पारिवारीक अवस्था (आर्थिक, सामाजिक, धार्मिक, भाषिक, जातिय, राजनीतिक) को विश्लेषण र वाल्यवस्था शिक्षा लिएका र नलिएका बालबालिका बीच प्रभाव पार्ने पक्षहरूको अध्ययन विषय नयाँ शोधकर्ताका लागि अनुसन्धानको आवश्यक विषयवस्तु बन्न सक्ने देखिन्छ ।

# सन्दर्भसूची


आचार्य, मोतिप्रसाद (२०६६), *बालविकास केन्द्रले शिक्षण सिकाइमा पारेको प्रभाव,* EPM विभाग, स्नातकोत्तर *शोधपत्र, अप्रकाशित कृति, सुकुना बहुमुखी क्याम्पस,* मोरङ ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रवहादुर (२०६२), *शैक्षिक व्यवस्थापन र सङगठनात्मक व्यवहार,* काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।

खनाल, पेशल(२०६२), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौः विद्यार्थी पुस्तक भण्डार ।

खत्री, केशु (२०६७), *बालविकास केन्द्रको प्रभावकारिता,* मोरङः सुकुना बहुमुखी क्याम्पस, EPM विभाग, स्नातकोत्तर शोधपत्र, अप्रकाशित कृति ।

जोशी, राधाकृष्ण (२०५४) *प्रारम्भिक बाल शिक्षा,* काठमाण्डौ युनियन प्रेस प्रा.लि. ।

ढुङ्गाना, गंगाराम (२०६१), *माध्यमिक तहमा सामाजिक विषयको शैक्षिक उपलब्धि* एक अध्ययन प्रतिवेदन, किर्तिपुर ।

ढुङ्गाना, गंगाराम (२०६३), *बाल विकास केन्द्र र यसको वर्तमान अवस्था,* शिक्षाशास्त्र सङ्काय, अप्रकाशित कृति, केन्द्रीय क्याम्पस, कीर्तिपुर ।

*नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय सम्बन्धी निर्देशिका* शिक्षा विभाग सानो ठिमी भक्तपुर

पराजुली, गोपल प्रसाद (२०५८),*बालविकास कार्यक्रम सम्बन्धी पत्रिका* वर्ष ३ अकं १, सानो ठिमी बाल विकास शाखा शिक्षा विभाग ।

*प्रारम्भिक बाल विकास दिग्दर्शन* (२०६१) पाठ्यक्रम तथा मूल्याङ्कन विभाग,

पौडेल, तेजश्वी (२०६६), *प्रारम्भिक बालविकास कार्यक्रमको प्रभावकारीता,* EPM विभाग, स्नातकोत्तर शोधपत्र, अप्रकाशित कृति, सुकुना बहुमुखी क्याम्पस, मोरङ ।

बिष्ट, मिनबहादुर, २०५० *शिक्षाका सिद्धान्त,* पुल्चोक साझा प्रकाशन ।

मल्ल, कोमलवदन (२०५४) *प्रारम्भिक वाल्यावस्था विकासको शिक्षण विधि,* किर्तिपुर डीनको कार्यालय शिक्षाशास्त्र संकाय त्रिभुवन विश्वविद्यालय ।

वाग्ले, मनप्रसाद र ढकाल, माधवप्रसाद (२०६३), *शिक्षाको प्रारम्भिक परिचाय,* काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ राधा (२०५७) *बाल विकास कार्यक्रममा समावेश भएका र नभएका बालबालिकाहरुको तुलनात्मक अध्ययन* अप्रकाशित शोधपत्र, किर्तिपुर शिक्षा शास्त्र संकाय ।

शर्मा, चिरञ्जीवि र शर्मा निर्मला (२०६४), *शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार,* काठमाडौँ, राज अफसेट प्रेस ।

शिक्षा विभाग (२०६२), *श्री ५ को सरकार शिक्षा तथा खेलकुद मन्त्रालय,* भक्तपुरः लेखक ।

सेरिड (२०५०), *समुदायमूलक पूर्व प्राथमिक शिक्षा कार्यक्रम,* काठमाडौँः लेखक ।

सेरिड (२०५९) *बाल विकासका निम्ति शिक्षा* काडमाडौ ।